जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २६ • अंक २३९ • २०८१ साल माघ ११ गते शुक्रबार (24 January, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-



## २३ वटा पालिकाको आर्थिक तथा प्रशासनिक काम रद्द

**टुडे समाचारदाता**

जनकपुरधाम। अधिकांश पालिकामा जनप्रतिनिधिले आफू अनुकूलको कर्मचारीलाई निमित्तको भरमा कार्यालय सञ्चालनका लागि अधिकार दिने क्रममा कनिष्ठ कर्मचारीलाई नै अधिकार दिएपछि वरिष्ठ कर्मचारीको मनोबल खस्किने देखिएपछि सो अधिकार रद्द गरिएको छ।

कनिष्ठ कर्मचारीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर आफू अनुकूल काम गराउने २३ वटा पालिकाको आर्थिक तथा प्रशासनिक काम रद्द गरिएको छ।

कतिपय पालिकाले संघ सरकारले खटाएका प्रशासकीय अधिकृतलाई हाजिर नगराइ कनिष्ठबाटै काम गराउने र आफूखुसी निमित्त तोक्ने क्रम नरोकेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ६ बुँदे मापदण्ड लागु गरेपछि सो प्रक्रिया रद्द भएको छ।

मन्त्रालयले सबै पालिकामा परिपत्र गरि मापदण्डमा त्यसरी काम गराएको पाइए कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत पालिकाको आर्थिक कारोबार रोक्का गरिने चेतावनीसमेत दिएको थियो। मन्त्रालयको माघ ९ गतेको निर्णयानुसार स्थानीय तहहरुमा निमित्त भई कार्य गर्न प्रदान गरिएको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरिएको उल्लेख गरिएको छ।

जिम्मेवारी रद्द गरिएका निमित्त प्रमुख प्रशासकीय अधिकृतहरूमा धनुषाको धनुषाधाम नगरपालिकाका संजित प्रसाद दास, औरही गाउँपालिकाका अशोक कुमार यादव, मुखियापट्टी मुसहरनिया गाउँपालिकाका रामपुकार दास, सप्तरीको कञ्चनरुप नगरपालिकाका नवराज खड्का, सिरहाको सिरहा नगरपालिकाका बलिराम यादव, महोत्तरीको लोहारपट्टी नगरपालिकाका बदरुल अंसारी, भंगहा नगरपालिकाका विजय कुमार यादव, बाराको महागढीमाई नगरपालिकाका विजय प्रसाद कुशवाहा, पर्साको पोखरिया नगरपालिकाका अजय कुमार श्रीवास्तव, जाजरकोटको छेडागाड नगरपालिकाका गंग बहादुर रोकाया, अछामको मंगलसेन नगरपालिकाका खकेन्द्र बहादुर सोडारी, दार्चुलाको महाकाली नगरपालिकाका नर सिंह बडाल, खोटाङको दिप्रुङ चुईचुम्मा गाउँपालिकाका पिएरुपी चाम्लिङ राई, सर्लाहीको धनकौल गाउँपालिकाका कृष्ण मोहन प्रसाद साह, बम्हपुरी गाउँपालिकाका उपेन्द्र राउत, बाराको सुवर्ण गाउँपालिकाका सुजित कुमार यादव, मुगुको सोरु गाउँपालिकाका तिर्थ राज शाही, खत्याड गाउँपालिकाका बासुदेव कार्की, हुम्लाको ताँजाकोट गाउँपालिकाका राजेन्द्र स्याय, अदानचुली गाउँपालिकाका हंस महतरा, सिमकोट गाउँपालिकाका उपजर रोकाया, अछामको चौरपाटी गाउँपालिकाका धन बहादुर थापा र बझाङ्गको दुर्गाथली गाउँपालिकाका झलक कहादुर दौल्याल रहेका छन्।

यसअघि पालिकाले ज-जसलाई निमित्त तोकेर पठाउँथे, मन्त्रालयले त्यसैलाई आर्थिक तथा प्रशासनिक अधिकार दिने चलन थियो। कतिपय पालिकाले गलत निर्णय र सिफारिस गरेको र त्यसबाट नकारात्मक प्रभावसमेत परेको मन्त्रालयले जनाएको छ। रिक्त पालिकामा उपलब्ध वरिष्ठ कर्मचारीलाई प्रशासकीय अधिकृतको जम्मेवारी दिनुपर्दा पनि अब निश्चित मापदण्ड पूरा गर्नुपर्ने भएको छ।

### भाषामा सरकारी खेल

# हचुवाको भरमा ल्याइएको भन्दै प्रस्तावित विधेयक विवादित



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा प्रस्तावित विधेयक हचुवाको भरमा ल्याएको भन्दै सांसदहरुले विवाद खडा गरेका छन्। प्रदेशको सरकारी कामकाजको भाषामा मातृभाषालाई समावेश नगरिएपछि सरकारले ल्याएको विधेयक विवादित भएको छ।

बुधबार बसेको प्रदेशसभाको बैठकमा शिक्षामन्त्री रानीकुमारी तिवारीले प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ प्रदेशसभा बैठकमा प्रस्तुत गरेकी थिइन्।

मन्त्री तिवारीले विधेयकमार्फत प्रदेशको कामकाजको भाषाका रूपमा नेपालीबाहेक मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजीलाई प्रस्ताव गरेकी थिइन्।

विधेयक फिर्ता लिन माग गर्दै सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले बिहीबार प्रदेशसभा बैठक अवरूद्ध गरे। मधेश प्रदेशमा बोलिने अन्य मातृभाषालाई विधेयकमा समावेश नगरिएको भन्दै सांसदहरूले बैठक अवरूद्ध गरे।

सदन सुचारु हुनसाथ नेकपा एमालेका प्रदेश सांसद राजेन्द्रप्रसाद चौधरीले विरोध जनाउँदै सरकारी कामकाजको भाषाका रूपमा विधेयकमा अयातित भाषालाई स्थान दिइएको आरोप लगाए।

सांसद चौधरीले भने, 'कुन मालिकलाई खुसी पार्न हिन्दी र अंग्रेजीजस्ता आयातित भाषालाई प्रदेशको कामकाजको भाषाका रूपमा प्रस्तुत गरिएको हो ? यसको जवाफ मन्त्रीज्यूले दिनुपर्छ। विधेयक फिर्ता नभएसम्म हामी सदन चल्न दिंदैनौं।'

सरकारले ल्याएको विधेयकलाई सरकारको नेतृत्व गरिरहेका जनमत पार्टीका साथै सत्तागठबन्धन दल नेपाली कांग्रेसले पनि विरोध गरेका छन्।

विधेयकप्रति आपत्ति जनाउँदै जनमत पार्टीका सचेतक चन्दन सिंहले भाषासम्बन्धी विधेयक त्रुटिपूर्ण रहेकोले सरकारले फिर्ता लिनुपर्ने बताए।

नेपाली कांग्रेसका सांसद रामसरोज यादवले सरकारले भाषासम्बन्धी विधेयक हचुवाको भरमा ल्याएको आरोप लगाए । उनले राजनीतिक दल र सरोकारवालासंग छलफल नै नगरी ल्याइएको विधेयक फिर्ता हुनुपर्ने बताए।

प्रदेशमा बोलिने सबै भाषालाई समेटेर विधेयक ल्याउनुपर्ने उनको भनाइ छ। उनले भने, 'कुनै विचार विमर्श नगरी र त्यसमा पनि भाषा विज्ञहरूसँग छलफल नै नगरी विधेयक ल्याइएको छ। हचुवाको भरमा आएको यो फिर्ता लिन माग गर्दछु।'

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका सांसद जयनुल राईनले उर्दु भाषालाई पनि कामकाजको भाषाको रूपमा प्रस्ताव गर्न माग गरे।

त्यस्तै नेकपा माओवादी केन्द्र सांसद युवराज भट्टराई, नेकपा एकीकृत समाजवादीकी सांसद बेची लुंगेली, नेपाली कांग्रेसका कुमरकान्त झा, जसपा नेपालका रामअशिष यादव, जिवछी यादव लगायतकाले भाषा विधेयक ल्याउनु अघि छलफल गर्नुपर्ने धारणा राखेका थिए।

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा बोलिने जम्मा ६२ वटा भाषा छन्। जसमध्ये सर्वाधिक बोलिने मैथिली भाषी ४१.७३ प्रतिशत रहेको छ। त्यसपछि भोजपुरी १८.८१, बज्जिका १८.४४, नेपाली ५.७६, थारु ४.१७, उर्दु ४.०८, मगही ३.५२ र तामाङ १.६५ प्रशित रहेका छन्।

मधेश प्रदेश सरकारले कामकाजको भाषाको रूपमा प्रस्ताव गरेको हिन्दी प्रदेशमा बोलिने मातृभाषाको १० औं स्थानमा रहेको छ। जनगणाअनुसार हिन्दी मातृभाषा भएको जनसंख्या ०.२३ प्रतिशत रहेको छ। त्यस्तै अंग्रेजी मातृभाषीको संख्या शून्य प्रतिशत रहेको छ।

## मुख्यमन्त्री र शिक्षामन्त्रीको पुतला दहन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकारले ल्याएको सरकारी कामकाजी भाषासम्बन्धी विधेयक त्रुटिपूर्ण रहेको भन्दै मुख्यमन्त्री र शिक्षा तथा संस्कृतिमन्त्रीको पुतला दहन गरिएको छ।

मधेश प्रदेश सभामा पेश भएको विधेयकमा मधेशमा बोलिने मातृभाषालाई छोडेर अन्य भाषाहरूलाई समावेश गरिएको भन्दै सरकारी संचारमाध्यमका कार्यरत रहेका फुलगेन महतोको अगुवाईमा मुख्यमन्त्री सतीशकुमार सिंह र शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीको पुत्ला दहन गरिएको छ।

विधेयकमा मातृभाषा छुटाएर आयातित भाषा हिन्दी र अंग्रेजी भाषालाई स्थान दिइएको भन्दै आफूहरूले विरोध स्वरुप पुतला दहन गरेको रेडियो नेपाल बर्दिवासमा कार्यरत रहेका फुलगेन महतोले बताए।






# सीमा क्षेत्रमा लागुऔषध र सीमा सुरक्षासम्बन्धी कार्यक्रम

काठमाण्डु । सशस्त्र प्रहरी बल, नेपालले पछिल्लो एक सातामा लागुऔषध, सीमा सुरक्षाका विषयमा तीन सय ६१ वटा सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ।

सशस्त्र प्रहरी दिवसका सन्दर्भमा साताव्यापी कार्यक्रमअन्तर्गत विहिबारसम्म देशभरका सीमा क्षेत्रमा उक्त कार्यक्रम गरिएको हो । 'नशारहित युवा-हाम्रो देशका कर्णधार, सीमानाको रक्षा-राष्ट्र निर्माणको आधार' मुख्य नारासहित उक्त कार्यक्रम गरिएको सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता, सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले जानकारी दिनुभयो ।

दिवसका अवसरमा सीमामा केन्द्रित भई १५ स्थानमा निबन्ध लेखन तथा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिएको सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय काठमाडौँले जानकारी दिएको छ।

यसैगरी, सीमा इलाकाका भारतीय समकक्षीसँग लागुऔषध नियन्त्रण सम्बन्धमा ५१ वटा समन्वयात्मक बैठक गरिएको छ। सशस्त्र प्रहरी बल नेपालका इकाइहरुले जिम्मेवारी क्षेत्रमा भएका लागुऔषध प्रयोग, दर्व्यसनी तथा नियन्त्रण सम्बन्धमा भएका क्रियाकलापहरुको अभिलेख राख्ने कार्य थालिएको बताइएको छ।

यसैगरी, शीघ्र प्रभाव आयोजनाअन्तर्गत समुदाय विकास तथा क्षमता अभिवृद्धि, स्वास्थ्य,



क्षेत्रमा लागुऔषध प्रयोग तथा ओसारपसार सम्बन्धमा भएको नेपाल र भारतको कानुनी व्यवस्था उल्लेख गरी 'नशारहित युवा-हाम्रो देशका कर्णधार, सिमानाको रक्षा-राष्ट्र निर्माणको आधार' लेखिएको दुई सय १३ होर्डिङ बोर्ड पनि राखिएको उहाँले बताउनुभयो । यस कार्यक्रमअन्तर्गत सशस्त्र प्रहरी बल नेपालका इकाइहरुबाट स्थानीय विद्यालयमा विद्यार्थीहरुलाई लागुऔषधसम्बन्धी दुई सय ६२ स्थानमा जनचेतनामूलक प्रशिक्षण गराइएको छ, जसमा १२ हजार तीन सय ६८ जना सहभागी भएका छन् ।

लागुऔषध दुर्व्यसनीसम्बन्धी २१ स्थानमा सचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ, विद्यालय तथा स्थानीय क्लबहरुमा गई 'लागुऔषध, सीमा सुरक्षा र युवा' कल्याणकारी, पर्यावरण संरक्षण तथा हरियाली अभियान तथा महिला सशक्तीकरण गरी सशस्त्र प्रहरी बल नेपालले देशभर चार सय ७३ कार्यक्रम सञ्चालनबारे जानकारी गराएको छ । समुदाय विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत एक सय २९ जनचेतनामूलक कार्यक्रम गर्नाका साथै निर्माणअन्तर्गत १३ स्थानमा चौतारा, १३ प्रतीक्षालय, सात सार्वजनिक शौचालय र १८ खानेपानीको धारा निर्माण गरिएको छ।

यसैगरी, स्वास्थ्यअन्तर्गत १० स्थानमा स्वास्थ्य शिविर र ३० स्थानमा रक्तदान कार्यक्रम, पर्यावरण संरक्षण तथा हरियाली अभियानअन्तर्गत एक सय ९८ स्थानमा सरसफाइ र ३४ स्थानमा वृक्षरोपण तथा महिला सशक्तीकरण अभियानअन्तर्गत ११ वटा आत्मरक्षा तालिम दिइएको प्रवक्ता न्यौपानेले बताउनुभयो ।रासस

# 'जलवायुमैत्री कृषि प्रणाली आवश्यक'

काठमाण्डु । कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले जलवायु परिवर्तनको असरका कारण खाद्यसुरक्षामा चुनौती देखिएको र भोकमरी अन्त्यको लक्ष्य कार्यान्वयनमा चुनौती देखिएको बताउनुभएको छ।

ग्रामीण पुनःनिर्माण नेपाल (आरआरएन) ले विहिबार आयोजना गरेको नेपालमा खाद्य र खाद्य सम्प्रभूतासम्बन्धी राष्ट्रिय बहसमा मन्त्री अधिकारीले समावेशी, उत्थानशील र जलवायुमैत्री खाद्य प्रणाली विकासका लागि सहकार्य आवश्यक रहेकामा जोड दिनुभएको हो।



जलवायुजन्य बढ्दो सङ्कटका कारण कृषि क्षेत्रमा सबैभन्दा बढी प्रभाव पर्नसक्ने उल्लेख गर्दै उहाँले बढ्दो समस्यासँग जुध्ने उपायको खोजी गर्नुपर्ने र जलवायुमैत्री कृषि प्रणाली अपनाउन आवश्यक रहेको बताउनुभयो।

"जलवायु परिवर्तनका कारण खाद्य उत्पादनमा ह्रास आउन थालेको छ । खाद्य सुरक्षा र पोषणको समाना गर्नुपरेको छ", मन्त्री अधिकारीले भन्नुभयो, "खाद्य सुरक्षा र खाद्य सम्प्रभूतासम्बन्धी कानुन कार्यान्वयनको अवस्थाबारे चालु आर्थिक वर्षमा अनुसन्धान सम्पन्न गर्नेछौं। समस्या समाधानमा आवश्यक पहल पनि गर्नेछौं।"

उहाँले लक्षित घरधुरी पहिचान गरेर खाद्य सहायता परिचयपत्र उपलब्ध गराउने र राष्ट्रिय खाद्य परिषद्को गठन छिट्टै गर्ने तथा कृषिमा लगानीको दशक सफल बनाउने प्रयास भएको बताउनुभयो। मन्त्री अधिकारीले खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि समन्वय आवश्यक रहेको बताउनुभयो।

"सन् २०३५ सम्ममा मुलुकलाई खाद्य सुरक्षामा आत्मनिर्भर बनाउने लक्ष्य छ, लक्ष्यप्राप्तिका लागि समन्वय र कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ", उहाँले भन्नुभयो। नेपालको कृषि प्रणाली व्यवसायमुखी हुन नसकेको उल्लेख गर्नुभयो।

उहाँले अहिले पनि सबै क्षेत्रमा सिँचाइको सुविधा पुग्न नसकेको बताउँदै खाद्य उत्पादन बढाउन नीतिको प्रभावकारी कार्यान्वयन जरुरी छ भन्नुभयो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा हरिबहादुर केसीले मुलुकको दुई तिहाइ जनसङ्ख्या कृषिमा आधारित भए पनि उनीहरुलाई प्रोत्साहन गर्न नसकिएको बताउनुभयो। "भोकमरी अन्त्यको लक्ष्यमा हामीले राम्रो प्रगति गरेको छौं, खाद्यको उपलब्धता, वितरण तथा गुणस्तरका कायम गर्ने लक्ष्य कार्यान्वयनमा पनि प्रगति भएको छ", उहाँले भन्नुभयो, "यस वर्षलाई कृषि लगानी वर्ष पनि घोषणा गरेका छौँ । कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउनुपर्ने आवश्यक छ।"

सहसचिव केसीले खान पाउनेभन्दा पनि गुणस्तरीय खानाको उपलब्धता महत्वपूर्ण भएको बताउनुभयो । उहाँले कृषिमा रासायनिक मलको प्रयोग बढ्दा खाद्य प्रणालीमा असर परिरहेको समेत उल्लेख गर्नुभयो । उहाँका अनुसार धान र मकैको आयात घटे पनि फलफूल आयात भने बढिरहेको बताउनुभएको छ।

खाद्य अधिकारकर्मी अशोक सिंहले मौलिक हकमा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूतासम्बन्धी व्यवस्था गरे पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको टिप्पणी गर्नुभयो । उहाँले यसका लागि रणनीतिक योजना बनाउन र त्यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहसँग सहकार्य जरुरी छ भन्नुभयो।

राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव नवराज सापकोटाले सर्वसाधारण खाद्य सुरक्षा र खाद्य सम्प्रभूतासम्बन्धी सचेत गराउन आवश्यक रहेको बताउनुभयो। नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का कार्यकारी निर्देशक डा दोजराज खनालले नार्कले खाद्य उत्पादन वृद्धिका लागि सहयोग गरिरहेको बताउनुभयो।

"हामीले पनि रैथाने बालीको प्रवर्द्धन तथा जलवायुमैत्री कृषि प्रविधि अपनाउनका लागि काम गरिरहेका छौँ", उहाँले भन्नुभयो, "कृषिजन्य उत्पादन राम्रो भए खाद्य सुरक्षामा देखिएको समस्या समाधान हुनेछ।" समाज कल्याण परिषद्का सदस्य सचिव मनोज भट्टले नेपालमा कृषि क्षेत्रमा गहन अध्ययन हुन नसकिरहेको उल्लेख गर्दै खाद्य सुरक्षामा देखिनसक्ने समस्या समाधानका लागि आवश्यक उपायका विषयमा वैज्ञानिक अध्ययन गर्न जरुरी रहेको बताउनुभयो।

संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का नेपाल र भुटानका प्रतिनिधि केन सिमिजुले जलवायु परिवर्तनले कृषि क्षेत्रमा असर परिरहेको छ भन्दै जलवायुमैत्री कृषि प्रणाली विकासमा जोड दिनुभयो।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का महानिर्देशक डा पेमा ग्याम्त्सोले जलवायुजन्य सङ्कट बढेसँगै खाद्य सुरक्षामा सङ्कट निम्त्याएको बताउनुभयो। उहाँले कृषि क्षेत्रमा जलवायु अनुकूलनका प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै खाद्य सुरक्षासँगै खाद्य गुणस्तरमा ध्यान दिन आवश्यक रहेको उल्लेख गर्नुभयो।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले संविधानले मौलिक हकका रुपमा स्वीकार गरेको खाद्य अधिकार तथा सुरक्षाको विषयवस्तुबारे सर्वसाधारणमा जनचेतना जगाउन सकेमा नीति कार्यान्वयनमा सहज हुने बताउनुभयो।

खाद्य अधिकारका साथै खाद्य गुणस्तरका विषयमा व्यापक जनचेतना वृद्धिका लागि सञ्चारमाध्यमको भूमिका रहेको उहाँको भनाइ थियो । छलफल कार्यक्रमको पहिलो सत्रको मध्यस्थता डा अर्जुन कार्कीले गर्नुभएको थियो ।रासस

> राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव नवराज सापकोटाले सर्वसाधारण खाद्य सुरक्षा र खाद्य सम्प्रभूतासम्बन्धी सचेत गराउन आवश्यक रहेको बताउनुभयो ।
> नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का कार्यकारी निर्देशक डा दोजराज खनालले नार्कले खाद्य उत्पादन वृद्धिका लागि सहयोग गरिरहेको बताउनुभयो ।

# ट्राफिकद्वारा न्यानो प्रदान गर्ने अभियान

**टुडे समचारदाता**

जनकपुरधाम । अत्यधिक चिसो बढेसंगै धनुषामा ट्राफिक प्रहरीले यात्रुबाहक सर्वसाधारणका लागि न्यानो सेवा प्रदानका लागि अभियान शुरु गरिएको छ।

जिल्लामा चिसोले सर्वसाधारणको जनजीवन थप कष्टकर बनेपछि न्यानो सेवा प्रदानका लागि अभियान थालिएको छ। मौसममा आएको अचानकको परिवर्तनले चिसो अत्यधिक बढेपछि सर्वसाधारणलाई राहत प्रदान गर्न विभिन्न स्थानमा दाउरा बाँड्ने कार्य शुरु गरेको छ।

धनुषा जिल्लामा ट्राफिक चेकपोष्टहरूमा बसेका सर्वसाधारणलाई विशेष ध्यान दिँदै ट्राफिक प्रमुख हरि बहादुर वलीले दाउरा उपलब्ध गराएर आगो बाल्ने व्यवस्था मिलाएका छन्। अत्यधिक चिसोका कारण विशेष गरी मोटरसाइकल र साइकलमा यात्रा गर्ने सर्वसाधारणलाई बढी असर परिरहेकोले उनीहरूलाई चिसोबाट बचाउनका लागि ट्राफिक प्रहरीले न्यानोको



व्यवस्था गर्दै आएको छ।

यस अभियान अन्तर्गत जिल्लाका मुख्य सडकहरूमा र विभिन्न ट्राफिक चेकपोष्टहरूमा सवारी साधन चालक र यात्रुहरूलाई केही बेर बस्न र न्यानो ताप्न आग्रह गरिएको छ।

धनुषा ट्राफिक प्रहरीले विशेष अभियान शुरु गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाको समन्वयमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले चिसोबाट प्रभावित जनतालाई न्यानो प्रदान गर्ने उद्देश्यले

# केई एक्स-३ प्रो अब ९९ किलोवाटमा उपलब्ध




**टुडे समाचारदाता**

काठमाण्डु । केई मोटर्सको नेपालकालागि आधिकारिक वितरक लक्ष्मी ई-मोबिलिटीले ९९ किलोवाट मोटर पावरमा केई एक्स-३ प्रो ईभी नेपालमा उपलब्ध गराएको छ। अझै बढी पर्फमेन्स र दक्षतायुक्तएक्स-३ प्रो को सुरुवाती मूल्य ४३ लाख ९६ हजार रुपैयाँ तोकिएको छ ।यो अफर केहि अवधिको लागी मात्र लागु हुनेछ । कम्प्याक्ट एसयूभी सेगमेन्टमा यो सबैभन्दा अफोर्डेबल एसयूभी हुनेछ।

एक्स-३ प्रो एक इलेक्ट्रिक सवारी साधन मात्र नभएर अत्याधुनिक प्रविधि, स्लिक डिजाइन र अतुलनीय पर्फमेन्सको संगम समेत हो । यसमा ५३.६ किलोवाट आवर क्षमतायुक्त सीएटीएल (क्याटल) को लिथियम आइरन फस्फेट ब्याट्री छ, जसले २६० एनएम सम्मको उच्चतम टर्क प्रदान गर्छ।

यसले सिंगल चार्जमा ३७० किलोमिटर ९ऌम्मऋ०  सम्मको रेन्ज दिन्छ । यसको ब्याट्रीलाई फुलचार्ज गर्न ५ देखि ७ घण्टा लाग्छ । यसलाई घरैमा ७ किलोवाटको एसी चार्जर प्रयोग गरी ८ घण्टामा चार्ज गर्न सकिन्छ । त्यसैगरी डीसी फास्ट चार्जिङको सहयोगबाट ३० देखि ८० प्रतिशत सम्म चार्ज गर्न सकिन्छ।

एक्स-३ प्रो ईभीको लम्बाई ४४४३एमएम, चौडाई १८३१ एमएम र उचाई १६४६ एमएम छ भने यसको ह्विलबेस २६३२ एमएम छ।

यी सबैका कारण पाँच सिट क्षमताको यो गाडीमा पर्याप्त इन्टेरियर स्पेस छ । केई एक्स-३ प्रोको फ्रन्टमा म्याकफर्सन इन्डिपेन्डेन्ट सस्पेन्सन र रियरमा मल्टी-लिंक इन्डिपेन्डेन्ट सस्पेन्सन छ । यसको ग्राउन्ड क्लियरेन्स १८३ एमएम छ।

विभिन्न पाँच कलर अप्सनमा केई एक्स-३ प्रो ईभी उपलब्ध हुनेछ । नेपालभरि बलियो उपस्थितीसँग, केई नेपालले भाटभटेनी नक्सल, धनगढी, नेपालगञ्ज, दाङ, भैरहवा, भरतपुर, हेटौडा, दमक र बिरतामोडमा स्थित नौ वटा शोरूम सञ्चालनगर्दै आएको छ।

# भ्रमण दशक कार्यान्वयन प्रक्रिया अगाडि बढाएका छौं : पर्यटनमन्त्री

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन क्षेत्रको विकासका लागि नीतिगत र संरचनागत सुधारलाई उच्च प्राथमिकता दिएको बताउनुभएको छ।

अमेरिकी चेन होटल बेस्ट वेस्टर्न प्लस काठमाडौंको विहिबार उद्घाटन गर्दै मन्त्री पाण्डेले सरकारले पर्यटन र नागरिक उड्डयन क्षेत्रमा नीतिगत सहजीकरण गरिदिने भन्दै पर्यटकीय पूर्वाधारमा निजी क्षेत्रले उत्साहकासाथ लगानी बढाउनुपर्नेमा जोड दिनुभयो।

पर्यटनमन्त्री पाण्डेले होटल पूर्वाधारमा एकपछि अर्को लगानी बढिरहेको र विभिन्न विदेशी 'ब्रान्ड'हरु पनि क्रमशः नेपाल भित्रिरहेको भन्दै यसबाट नेपालको आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले नेपालको अथाह पर्यटकीय सम्भावनालाई उजागर गर्दै विदेशी पर्यटकलाई आकर्षण गर्न सरकार र निजी क्षेत्रको दरिलो साझेदारिता आवश्यक रहेको औंल्याउनुभयो।

पर्यटनमन्त्री पाण्डेले भ्रमण दशक कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाएको बताउनुभयो । सरकारले सन् २०२५ देखि २०३५ लाई भ्रमण दशकका रुपमा मनाएर वार्षिक ३५ लाख विदेशी पर्यटक नेपाल भित्र्याउने लक्ष्य लिइएको छ। "भ्रमण दशकको कार्ययोजना निर्माणमा



मन्त्रालय जुटेको छ । दशक मनाउँदै गर्दा धेरै मेहेनत गर्नुपर्छ । भ्रमण दशकलाई परिणाममुखी बनाउन बजेटसहित आवशयक व्यवस्थापकीय काम जरुरी हुन्छ", पर्यटनमन्त्री पाण्डेले भन्नुभयो।

नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्सनले नेपालको प्रर्यटन क्षेत्रको विकास प्रवर्द्धनमा अमेरिकी सरकारले समन्वय र सहयोगी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । नेपालको मनमोहक प्राकृतिक सौन्दर्यको भ्रमणका लागि उल्लेख्य सङ्ख्यामा अमेरिकी नागरिकहरु आइरहेको भन्दै लामो इतिहास बोकेको अमेरिकी चेन होटल वेष्ट वेष्टन प्लसको सञ्जालमार्फत नेपालमा आतिथ्यता उद्योगको विकासमा सहयोग पुग्ने बताउनुभयो।

होटल सङ्घ नेपालका अध्यक्ष विनायक शाहले अन्तर्राष्ट्रियस्तरको हस्पिटालिटी सेवाको नेपालमा सुरुआतले नेपालको पर्यटन प्रवर्द्धनका साथै सम्पर्क सञ्जाल विस्तार गर्न मद्दत पुग्ने बताउनुभयो। बेस्ट वेस्टर्न प्लस काठमाडौँका अध्यक्ष रामेश्वर अर्यालले होटल उद्योगलाई केवल एक व्यावसायिक प्रयासको रुपमा मात्र नभई नेपालको पर्यटन र आतिथ्यता क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिविम्बका रुपमा बेष्ट वेस्टनलाई लिइएको उल्लेख गर्नुभयो।

**अमेरिकी चेन होटल 'बेस्ट वेस्टर्न प्लस' नेपालमा**

विश्वप्रसिद्ध अमेरिकी ब्रान्ड होटल 'बेस्ट वेस्टर्न प्लस' नेपाल भित्रिएको छ। केएमसी ग्रुपका संस्थापकहरुकै प्रारम्भिक लगानीमा बेस्ट वेस्टन प्लस काठमाडौँ सञ्चालनमा आएको हो। रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिन राम्रो छ। सोचेका काम बन्नेछन्।
वृष :प्रतिकार गरेर बोल्ने बानीले अप्ठेरो परिस्थितिको हुन सक्छ।
मिथुन : साना कुराले मन अशान्त बन्नेछ।
कर्कट : राज्यको सेवामा भए महत्त्वपूर्ण काम बन्नेछ।
सिंह :साथीभाइलेसचेत भएर काम गर्नुपर्नेछ।
कन्या : साथीभाइ र आफन्तको साथ मिल्नेछ।
तुला : अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ।
वृश्चिक : आम्दानीका दृष्टिले दिन राम्रो छ।
धनु : दिन राम्रो छ। साथीको साथ र प्रशंसा प्राप्त गर्ने योग छ
मकर : तपाईंले कला र गलाको प्रदर्शन गर्ने दिन हो।
कुम्भ : साना कुराले मनमा झन्झट थप्नेछ।
मीन : साथीले सकारात्मक व्यवहार देखाएकाले तपाईंलाई हुने

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




विगत दुई दिन देखि बढेको कठयांग्रो जाडोमा विद्यालय पढ्न जाँदै बालबालिकाहरु । *तस्विर : संजय कुमार यादव*

## प्रयागराज महाकुम्भमेला :

# धार्मिक पर्यटन प्रवर्द्धन गर्न उपयोगी

प्रयागराज । गङ्गा, यमुना र सरस्वती नदीको सङ्गमस्थल प्रयागराजमा हाल विश्वप्रसिद्ध महाकुम्भमेला चलिरहेको छ । भारतको प्रयागराजमा हरेक १२ वर्षमा आयोजना हुने उक्त कुम्भमेलाको पहिलो दिनमै एक करोडभन्दा बढी व्यक्तिले स्नान गरेको भारतको उत्तर प्रदेश पर्यटन विभागले जनाएको छ।

यही माघ १ गतेदेखि सुरु भई ४५ दिनसम्म सञ्चालन हुने उक्त कुम्भमेलामा हिन्दू धर्मावलम्बीहरूले भारतको सबैभन्दा पवित्र नदी मानिने गङ्गा, यमुना र पौराणिक सरस्वती नदीको सङ्गममा स्नान गर्ने गर्छन् । मेलामा ४५ करोड तीर्थालु भक्तजन आउने विभागले अनुमान गरेको छ। हिन्दू धर्माबलम्बीहरुको पवित्र भूमि प्रयागराजमा महाकुम्भ स्नान गर्न भारत, नेपालसहित विभिन्न मुलुकबाट लाखौँको सङ्ख्यामा तीर्थयात्री आउने गरेका छन् ।



उत्तर प्रदेश पर्यटन विभागका महानिर्देशक ईशा प्रियाले एक सय ४४ वर्षपछि परेको महाकुम्भमेलाको विशेष महत्व रहेको भन्दै प्रयागराज महाकुम्भको अद्भुत आनन्द लिन सबैमा आह्वान गर्नुभयो। उहाँले सीमापार धार्मिक पर्यटन प्रवर्द्धनका लागि महाकुम्भमेला उपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो ।

**मेलाको रौनक**

मेलामा स्नान गर्न आउने तीर्थालु भक्तजनका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाइएको छ। मेलालाई दृष्टिगत गर्दै भारत सरकारले २५ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको जनाएको छ। मेलाको आकर्षणका रुपमा इलाहवाद सडकका चोकचोकमा सूचनामूलक ब्यानर, पोष्टर र झिलीमिली बत्तीले झकिझकाउ पारिएको छ । तीन नदीको सङ्गमस्थलमा दायाँ र बायाँ किनारमा तीर्थालु भक्तजनका लागि बासस्थानका निम्ति स्तर अनुसारको सुविधासम्पन्न अस्थायी 'टेन्ट हाउस'हरु निर्माण गरिएका छन्। रातको समयमा टेन्ट हाउस क्षेत्रमा झिलीमिली बत्तीले मेलाको रौनकलाई थप बढावा दिएको छ।

मेलामा बास व्यवस्थापनका लागि अस्थायी शिविर, स्वास्थ्य शिविर रहेका छन् । एक लाखभन्दा बढी टेन्ट स्थापना गरिएको छ । मेलामा नागाबाबा, अघोरी बाबाको भिन्न आकर्षण देखिन्छ । मेलाको सुरक्षालाई मध्यनजर गर्दै नदीको पानीमुनि २५ हजारभन्दा बढी सिसी क्यामेरा जडान गरिएका छन् । भारतीय सञ्चारमाध्यमले जनाएअनुसार मेलामा पुग्ने तीर्थालुको सहजताका लागि प्रयागराज विमानस्थलबाट सात हजारभन्दा बढी बसको व्यवस्था गरिएको छ। पाँच सय ५० सटल बस, १३ हजारभन्दा बढी रिक्सा, १३ हजार ट्रेन, तीन हजार विशेष ट्रेनको व्यवस्था मिलाइएको छ।

यसैगरी, मेला क्षेत्रमा ४३ अस्थायी अस्पताल स्थापना गरिएका छन् । सरकारी र निजी गरी ६ हजार शय्याको व्यवस्था छ । एयर एम्बुलेन्ससहित सडक एम्बुलेन्सको व्यवस्था गरिएको छ । हेलिकोप्टरबाट मेलाको अवलोकन गर्ने प्रबन्ध समेत गरिएको छ।

भारतीय राष्ट्रपति द्रौपदी मुर्मु तथा प्रधानमन्त्री नरेन्द्र मोदीसमेत महाकुम्भमेला अवलोकन गर्न पुग्ने बताइएको छ।

**दश करोड बढीले स्नान गरे**

महाकुम्भमेलामा हालसम्म १० करोडभन्दा बढी व्यक्तिले पवित्र स्नान गरेको भारतीय समाचार एजेन्सीहरुले उल्लेख गरेका छन् । दैनिक एक करोड हाराहारी भक्तजन महाकुम्भ पुगिरहेका छन् । मेलाको आज १०औँ दिनमा पनि तीर्थालुको उत्तीकै घुइँचो रहेको छ।

पवित्र नदीहरूको सङ्गममा स्नान गर्दा पापमोचन हुने र आत्मा शुद्ध हुने जनविश्वास छ। मेलामा सहभागी धर्मावलम्बीहरूको ताँती अन्तरिक्षबाट देख्न सकिने बताइएको छ । दैनिक एकदेखि डेढ करोड भक्तजनले गङ्गा स्नान गरेको भारतीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

ज्योतिषीहरूले निश्चित ग्रह र नक्षत्रहरूका आधारमा नुहाउने मिति र शुभ समय तय गरेका छन्। त्यसका आधारमा स्नानका लागि सोमबारबाहेक अन्य पाँच दिन शुभ रहेको बताइएको छ । कुम्भमेला हिन्दू धर्मावलम्बीको एक महान् स्नान पर्व हो । यो मेला पृथ्वीमा जम्मा १२ स्थानमा लगाउन सकिने कुरा शास्त्रहरूले उल्लेख गरेका भए पनि हालसम्म जम्मा पाँचवटा स्थान मात्र पत्ता लागिसकेका छन्। ती पाँच स्थानमध्ये भारतका चार ठाउँमा प्रत्येक तीन-तीन वर्षको अन्तरालमा लाग्दछ भने एक कुम्भस्थल नेपालमा पर्दछ । कुम्भमेला हुने स्थलहरुमा इलाहावाद (उत्तर प्रदेश), उज्जैन (मध्य प्रदेश), नासिक (महाराष्ट्र), हरिद्वार (उत्तराखण्ड) र चतराधाम (बराहक्षेत्र, सुनसरी नेपाल) रहेका छन्।

**के हो महाकुम्भमेला**

यो मेला एक स्थानमा प्रत्येक १२ वर्षमा लाग्ने गर्दछ । हिन्दू धर्मका सबै ग्रन्थमा कुम्भमेलाको वर्णन गरिएको पाइन्छ । धर्म ग्रन्थका अनुसार जो व्यक्ति कुम्भमा स्नान गर्दछ त्यो सम्पूर्ण पापबाट मुक्त भएर पुण्यको भागी बन्नेछ भन्ने मान्यता रहेको छ । भारतका चार कुम्भमेलाका सन्दर्भमा सूर्य, चन्द्र एकै राशिमा परेको, बृहस्पति वृष राशि तथा मौन अमावश्या र श्रीपञ्चमीको बीचमा कुम्भ सङ्क्रान्ति परेका अवस्थामा महाकुम्भ योग पर्छ र यसैलाई महाकुम्भ भनिन्छ।

कुम्भमेला भारतको तीन ठाउँमा लाग्ने गरेको थियो । तर २०५९ वैशाख १ गतेदेखि नेपालको सुनसरी जिल्लास्थित चतराधाममा समेत लाग्न थालेको छ ।

**'डिजिटल' महाकुम्भ**

भारतको संस्कृति मन्त्रालयका अनुसार महाकुम्भमेलामा विज्ञान प्रविधिको पनि भरपुर उपयोग गरिएको छ। प्रयागराज महाकुम्भमा अध्यात्म र नवप्रवर्तनको असाधारण मिश्रणका रुपमा 'सेट' गरिएको छ । आधुनिक प्रविधिलाई अँगालेर उच्च-टेक सुरक्षा उपायहरुदेखि डिजिटल भूमि 'आवंटन'हरु र 'इमर्सिभ भर्चुअल' वास्तविकता अनुभवहरु, महाकुम्भ २०२५ ले भक्तहरुलाई पूर्वाधार, सुरक्षा र डिजिटल सेवाहरुमा व्यापक तरिकाका साथ महाकुम्भ परम्परा र प्रविधिबीचको मेलमिलापको नमूना बनेको छ । भक्तजनको सुरक्षाका लागि विशेष साइबर सुरक्षा व्यवस्था सुरु गरिएको छ।

**साइबर सुरक्षा**

उत्तर प्रदेश सरकारले प्रिन्ट, डिजिटल र सोसल मिडियासहित प्रत्येक प्लेटफर्म प्रयोग गर्ने निर्णय गरेको छ। एआई, फेसबुक, एक्स र इन्स्टाग्राम जस्ता प्लेटफर्महरू शोषण गर्ने गिरोहहरूको अनुसन्धान गरिरहेका छन् । व्यापक जनचेतना अभियानका लागि मोबाइल साइबर टोली पनि तैनाथ गरिएको छ।

उत्तरप्रदेश पर्यटन विभागका अतिरिक्त रणनीतिक अधिकृत आकाश दीपले प्रयागराज महाकुम्भले ऐतिहासिक रेकर्ड बनाएको बताउँदै धार्मिक पर्यटन अभिवृद्धिमा टेवा पुग्ने धारणा राख्नुभयो। वनारसी टुरिजम गिल्टका अध्यक्ष सन्तोषकुमार सिंहले १२ वर्षपछि लाग्ने कुम्भमेलामा हिन्दू नेपाली पर्यटकलाई सहभागी हुन आह्वान गर्नुभयो । आगरा ट्राभल एजेन्ट एसोसिएसनका महासचिव कौशलेन्द्र सिंहले महाकुम्भ मेलाले क्षेत्रीय धार्मिक पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउने बताउनुभयो।

महाकुम्भमेलामा पहिलो दिन मकर सङ्क्रान्तिका दिन महामण्डलेश्वरले शाही स्नान गर्ने चलन छ । त्यसो त श्रीपञ्चमी, शिवरात्रि र पूर्णिमा पनि शाही स्नान गर्ने प्रचलन छ। उक्त दिन शाही स्नानका कारण केही समय सर्वसाधरण भक्तजनका लागि केही असुविधा हुने समेत आयोजकको भनाइ छ । अन्य दिन भने भक्तजनहरुले सहज रुपमा महाकुम्भ स्नान गर्नेगरी विभिन्न घाटहरु निर्माण गरिएको छभने घाटसम्म पुग्नका लागि मोटरबोट तथा डुङ्गाहरु पर्याप्त मात्रामा उपलब्ध छ।

महाकुम्भको इतिहास पुरानो छ। केही ग्रन्थहरुका अनुसार सत्ययुगमा पहिलो महाकुम्भमेला आयोजना भएको मानिन्छ । जसको सुरुआत शङ्कराचार्यले गरेका थिए। जानकारहरुका अनुसार कुम्भको परम्परा हजारौँ वर्ष पुरानो हो।

नेपालबाट पनि उल्लेख्य सङ्ख्यामा तीर्थालुहरु महाकुम्भ मेला गइरहेका छन् । साथीभाइ, परिवार र समूह बनाएर नेपालीहरु प्रयागराजमा स्नानका लागि गएका हुन् । समुद्र मन्थनको समयमा देवता र दानवहरू अमृत पाउनका लागि लडिरहेका थिए, सोही क्रममा भगवान् इन्द्रका छोरा जयन्त अमृत भाँडा लिएर भागिदिए, त्यसपछि ती दानवहरू पनि कलश लिन जयन्तको पछि लागे । यस समयमा राक्षस र देवताहरूबीच भयानक युद्ध भयो। जब जयन्त अमृत कलश लिएर भागे, अमृत कलशका केही थोपा भने चार ठाउँमा खसे, जहाँ अहिले महाकुम्भ आयोजना गरिएको छ । त्यसबेलादेखि, प्रयागराज, उज्जैन, नासिक, हरिद्वारमा १२-१२ बर्षको अन्तरालमा कुम्भमेला आयोजना गरिएको पाइन्छ ।रासस

> महाकुम्भको इतिहास पुरानो छ । केही ग्रन्थहरुका अनुसार सत्ययुगमा पहिलो महाकुम्भमेला आयोजना भएको मानिन्छ । जसको सुरुआत शङ्कराचार्यले गरेका थिए । जानकारहरुका अनुसार कुम्भको परम्परा हजारौँ वर्ष पुरानो हो ।

# पेट्रोलियम पदार्थबाट ३७ अर्ब राजस्व सङ्कलन

वीरगञ्ज । चालु आर्थिक वर्षको छ महिनामा वीरगञ्जबाट रु ८७ अर्ब ३२ करोड ३९ लाख ४० हजार बराबरको डिजेल,पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएशन टर्बाइन फ्युल (एटिएफ),मट्टितेल आयात हुँदा रु ३६ अर्ब ९६ करोड ३६ लाख २४ हजार राजस्व सङ्कलन गरेको छ।

गत आवको सोही अवधिको तुलनामा चालु आवको छ महिनामा पेट्रोलियम पदार्थ आयातबाट चार अर्ब बढी राजस्व सङ्कलन भएको छ। चालु आवको छ महिनामा रु ४२ अर्ब २४ करोड बराबरको चार लाख ७९ हजार सात सय ९९ किलोलिटर डिजेल आयातबाट रु १८ अर्ब ९८ करोड राजस्व सङ्कलन भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

चालु आवको छ महिनामा दुई लाख २० हजार तीन सय ८५ किलोलिटर आयात भएको पेट्रोलबाट रु १२ अर्ब ४७ करोड राजस्व दाखिला भएको छ।

चालु आवको छ महिनामा रु आठ अर्ब नौ करोड बराबरको ८९ हजार तीन सय ८० किलोलिटर (एटिएफ) आयातबाट रु एक अर्ब एक करोड तथा रु ३६ करोड २० लाख बराबरको चार हजार २० किलोलिटर मट्टितेल आयातबाट रु १० करोड राजस्व सङ्कलन भएको जनाइएको छ।

आव २०८०/८१ को छ महिनामा रु ८८ अर्ब ७८ करोड बराबरका पाँच थरिका पेट्रोलियम पदार्थ आयात भएको थियो ।रासस

# गेग्रान बगर बन्यो 'सुन फल्ने' जमिन

महोत्तरी । गरे के हुँदैन भन्ने आहान अहिले महोत्तरीको गौशाला-८ कुष्माढीको सनीखोला किनार अवस्थित नदीउकास जग्गा हेरे चरितार्थ हुन्छ । तीन वर्षअघिसम्म गेग्रान बलौटे खोलाको ढङ्यान जग्गा किसानको मेहनतले अहिले 'सुन फल्ने' जमिन बनेको हो । दुबो पनि नमौलाउने गेग्रान अहिले जता हेऱ्यो उतै हराभरा छ।



सनीखोलाले बहाव छोडेर उकासेको बगरमा कुष्माढीका भूमिहीन किसानले नङ्गा खियाएका तीन वर्ष भएको छ । नदीले बहाव छाडेको नदीउकास बगरको एक सय एक बिघा जग्गामा अहिले थरिथरिका फलफूलका बोट हलहली बढ्दैछन् । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) ले फलफूल रोपणमा किसानलाई सघाएको छ । यहाँ आँप, लिची र कागतीसहितका ११ हजार बोट हुर्कदैछन् । बगैँचाभित्र तरकारी बाली लहलह छ । यो बगरमा कुष्माढीका दुई सय एक भूमिहीन किसानको मेहनत हाँसेको छ।

गौशाला नगरपालिकाले भूमिहीन किसानको परिवार सङ्ख्याका आधारमा चार कट्ठादेखि १० कट्ठासम्म जग्गा छुट्याइदिएपछि २०७८ को अन्त्यतिर खनजोत थालिएको हो। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी), सेभ द चिल्ड्रेन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समुन्नति कार्यक्रम, सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल र गौशाला नगरपालिकाको साथले किसानको हौसला बढेको छ।

हराभरा बगरमा कतै गहुँ लहलह बढ्दैछ । कतै आलु धमाधम खनिँदै छ । किसानले जैविकखेती गर्ने हुँदा यहाँ उत्पादित फसल उपभोक्ताको पहिलो रोजाइमा पर्छन् । अहिले यहाँका किसानलाई उपभोक्ता ग्राहकलाई आलु तौलेर दिन भ्याइनभ्याइ छ । "आलु लिने धेरैजसो खेतमै आइपुग्छन्", आलुखेतीका किसान चन्द्रकला महरा भन्नुहुन्छ, "बगरखेती थालिकनगुजाराकैचिन्तालिनुपरेको छैन", बगरखेतीमा कुष्माढीका मुसहर, चमारसहितका गरिब दलित समुदाय र कोइरी, यादव र मगरसहितका जनजाति संलग्न छन्।

यहाँका किसानलाई गौशाला नगरपालिकाले नदीउकास क्षेत्रभित्रका चार किलोमिटर क्षेत्रभित्र विद्युतीकरण, दुई वटा डिपबोरिङ र सिँचाइका लागि छ वटा पोखरी निर्माण गरी दिएको छ । यसैगरी समुन्नति कार्यक्रमले मलका लागि गड्यौलाखेती गर्न सिकाएको छ। यसैगरी सामुदायिक विकास तथा पैरवी मञ्चले खेतीमा प्राविधिक र बीउबिजनको सहयोग गरेपछि आफूहरुलाई खेतीमा जाँगर बढेको किसान कामेश्वर महतो बताउनुहुन्छ।

"हामीसँग आफ्नो जग्गा थिएन, नगरपालिका र अरु संस्थाको सहयोगले खेती गर्ने जग्गा र अन्य सहयोग पायौँ, अब कसैकहाँ मजदुरी गर्न जान परेको छैन", महतो भन्नुहुन्छ, "हामी मजदुरलाई बगरखेतीले किसान बनायो।

" बगरखेती गर्न थालेपछि कहिल्यै धन सञ्चय नगर्ने जाति समुदायको परिचय बनेका मुसहर पनि उम्दा किसानमा दरिएका छन्। मधेसमा मुसहरका लागि 'न राख्ने अन्न, न साँच्ने धन' भन्ने आहानै छ। कृषि कार्यमा पोख्त मानिने मुसहरको किसानका खेतमा मजदुरी गरेर गुजारा चलाउने स्थापित परिचय छ । पछिल्लो कालमा सनीखोलाको नदीउकास जग्गा पाएपछि आफ्नै खेती थालेका मुसहर अन्न र नगद सञ्चय गर्न सक्षम भएका छन्।

"नदीउकास बगर पाएको पहिलो वर्ष त ढुङ्गा, गेग्रान खोस्रेर छेउ लाउँदै बित्यो, दोस्रो वर्षदेखि फसल लिन पाएका छौँ", कुष्माढीका मुसहर समुदायकी ३५ वर्षीया कविता सदा भन्नुहुन्छ, "अब जहान परिवारको प्रतिपाल यही बगर खोस्रेर पुग्छ।" पहिलेको बलौटे ढङ्यान जग्गा नियमितको खनजोत, सिँचाइ र जैविक मलले अब उर्बर जग्गा बनेको छ । उत्तरतिर वनक्षेत्रसँगै जोडिएको यो जग्गामा वनक्षेत्र, खोल्साखोल्सी र खोलाले बगाएर ल्याएको पाँगो माटोले रोपिएका फलका रुख दुई वर्षमै हुर्केका र बालीनाली पनि हलक्क बढ्ने गरेको गौशाला-८ का वडाध्यक्ष भोजबहादुर दर्लामी बताउनुहुन्छ।

केही पहिलेसम्मका गरिब बगरखेतीले राम्रा किसान बनेका र उनीहरुको मेहनतले नदीउकास क्षेत्र हराभरा देखिँदा जग्गा बाँडिएको कुराले निकै सन्तोष दिने गरेको गौशालाका नगरप्रमुख डा दीपेन्द्र महतोको भनाइ छ । बगरखेतीका किसानलाई नगरपालिकाले गरेको सहयोग खेर नगएको हुँदा यस कामले आफूलाई निकै हौस्याएको डा महतो बताउनुहुन्छ। "किसानका साथमा नगरपालिका छ, मेहनत किसानले गर्छन्, साथ हाम्रो रहन्छ", डा महतोले भन्नुभयो।

यसैगरी सामुदायिक विकास तथा पैरवी मञ्चका अध्यक्ष नागदेव यादवले पनि आफ्नो संस्थाबाट बगरखेतीका किसानलाई साथ सहयोग जारी रहने प्रतिबद्धता जनाउनुभएको छ । सबैको सकारात्मक साथले बगरखेतीका किसानको हौसला बढेको छ । "हाम्रो मेहनत सफल भएको छ, सबैको साथ रहीरहे हामी बगरमा सुन फलाउँछौँ", कुष्माढीकी किसान बिना पासवान भन्नुहुन्छ।

सनीखोलाको बगरखेती अवलोकन गर्न टाढाटाढाबाट किसान समूह त्यहाँ पुग्ने गरेका छन् । यसबाट आफूहरुलाई खेतीमा लाग्न ऊर्जा मिलेको पासवानले राससलाई बताउनुभयो ।रासस

# टोलटोलमा सडक कालोपत्र गर्दै बर्दिबास नगरपालिका

जलेश्वर । यहाँको बर्दिबास नगरपालिका- १० खयरमाराका स्थानीय रोशन लामा हिजोआज गाडी चढेर गाउँदेखि १५ मिनेटमा बर्दिबास पुग्नुहुन्छ। १२ किलोमिटर दुरीमा रहेको बर्दिबास पुग्न पहिले एक घण्टा भन्दा बढी लाग्थ्यो।



बर्दिबास-५ चेरुका राम भण्डारीलाई पनि गाउँबाट बर्दिबास आउजाउ गर्न १० मिनेटमात्रै लाग्न थालेको छ । नगरपालिकाले चालु आर्थिक वर्षमा सडक कालोपत्र गरेपछि स्थानीयवासीलाई गाउँ सहर गर्न सजिलो भएको हो।

बर्दिबास नगरपालिकाले चालु आवमै २५ किलोमिटर सडक कालोपत्र गरेको छ । अझै पनि टोलटोलका सडकमा कालोपत्रे र ढलान गरिरहेको छ।

नगरभित्रका सडकहरु वर्षौँदेखि जीर्ण हुँदा हिलो र धुलोका समस्या भोग्दै आएकामा सडक पक्की भएपछि गाउँले हर्षित भएको बर्दिबास-३ की आशा तोलाङ्गेले बताउनुभयो।

नगरपालिकाले चालु आवमा खयरमारा, पाटु, टुटेश्वर, गडन्ता, माईस्थान, किसाननगर, विजलपुरा जस्ता गाउँलाई कालोपत्र सडकसँग जोडेको छ। भौगोलिक बनोटका कारण भौतिक विकास गर्न कठिनाई भइरहे पनि नगरपालिकाले निरन्तर पूर्वाधार निर्माण गरिरहेको नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीले बताउनुभयो।

उहाँले सडक कालोपत्र भएपछि स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन सहज भएको बताउनुभयो । नगरपालिकाले १४ वटै वडाका सडकलाई धुलो र हिलोमुक्त बनाउने लक्ष्य लिएर काम गरिरहेको प्रमुख क्षेत्रीको भनाइ छ ।रासस


**मधेश प्रदेश सरकार**

**श्रम तथा यातायात मन्त्रालय,**

**जनकपुरधाम, धनुषा**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशन मिति २०८१/१०/११**


यस मन्त्रालयको स्वीकृत दरबन्दी अनुसार तपसिल बमोजिमका पदहरुमा **करारमा कर्मचारी भर्नाको** लागि योग्य नेपाली नागरीकका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|
| १. | प्रदेश कार्यक्रम संयोजक | अधिकृत सातौं | १ |
| २. | मनोविद | अधिकृत सातौं | २ |
| ३. | श्रम तथा रोजगार अधिकृत | अधिकृत छैठौं | ८ |
| ४. | सूचना तथा परामर्शकर्ता | सहायक पाँचौ | १३ |

**दरखास्त दिने अन्तिम मितिः** २०८१/१०/२५ गते सम्म।

विज्ञापन सम्बन्धि थप जानकारीका लागि मन्त्रालयको website: https://molt.madhesh.gov.np/ र मन्त्रालयको सूचना पाट्टीमा हेर्नुहोला।

सम्पर्कका लागिः ९८५४०२८७१४



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥


## सम्पादकीय

# कामकाजी भाषा दलीय निर्दिष्टबोधक नहोस

प्रदेशमा सरकारी कामकाज भााषा बारे अन्योललाई अन्त्य गर्ने सन्दर्भमा मधेश प्रदेश सरकारले पाँच वटा भाषालाई प्रस्ताव गरेको छ । संघीयताको प्रतिबिम्वका रुपमा सरकारी कामकाजको भाषा निर्धारणको प्रस्ताव महत्वपूर्ण पाइला हो । प्रदेशको नामकरण र प्रदेशसभा सदस्यले विभिन्न भाषामा शपथ लिए देखि नै सरकारी कामकाज भाषाको आवश्यकता महसुस भएको थियो। विगतमा राजधानीका राजधानीका लागि वीरगञ्जमा आन्दोलन र भाषाको प्रयोगका लागि ८ जिल्लामध्ये ६ वटा जिल्लामा भाषिक चर्चा परिचर्चा र विरोधका कार्यक्रमको पृष्ठभूमिमा सरकारको प्रस्ताव सन्दर्भलाई आन्दोलन र विरोध कार्यक्रमको परिणामबोधक लिन सकिन्छ । मुख्य रुपले सरकारी कामकाज भाषाको निर्धारणमा राजनैतिक मनोविज्ञान भन्दा पनि धरातलीय तथ्यलाई मनन गर्नु पर्दछ । नेपालमा बोलिने १२४ वटा मातृभाषामा नेपाली ४४.८६ प्रतिशत , मैथिली ११.०५ प्रतिशत , भोजपुरी ६.२४ प्रतिशत , थारु ५.८८ प्रतिशत , तामाङ४.८८ प्रतिशत ,बज्जिका ३.८९ प्रतिशत , अवधि २.६६ प्रतिशत , नेवारी २.९६ प्रतिशत , मगर २.७८ प्रतिशत र डोटेली १.७ प्रतिशत देखिएको छ । तथ्याङ्क अनुसार मधेश प्रदेशको ८ जिल्लामा मैथिली भाषी ४५.३० प्रतिशत , भोजपुरी भाषी १८.५८ प्रतिशत र हिन्दी भाषी ०.१२ प्रतिशत रहेका छन् । यही तथ्यका आधारमा भाषा आयोगले पनि प्रदेशमा सरकारी कामकाजको भाषाको आवश्यकतालाई पुष्टि गरिसकेको छ । कामकाज भाषाको निर्धारणको संरचना अन्तर्गत भाषीमा लेखनको ज्ञान पनि महत्वपूर्ण स्थान राख्छ । कामकाजको भाषा निर्धारण राजनैतिक दलको निर्दिष्ट लक्ष्यलाई समाहित गर्नु हुँदैन । मातृभाषालाई उपेक्षा गरी राजनैतिक दलको निर्दिष्ट लक्ष्यलाई पूरा गराउन उद्यतका कतिपय घटनाले पाठ सिक्नु पर्ने अवस्था पनि छ । कामकाजको भाषा निर्धारणलाई रहरको विषय बनाउनु हुदैन । जातिगत साँघुरोमा अल्झाउने मनोविज्ञान हुनुहुँदैन । भाषाको प्रयोग , जीविकोपार्जन , शासन व्यवस्था ,एक पुस्ताले अर्को पुस्तालाई छाड्दै गएको उपलब्धिलाई जनाउँछ । यसै अन्तर्गत वंशगत शिल्प , वस्तु , धारणा , प्रक्रिया , अभ्यास तथा मूल्यहरू समावेश रहेको हुन्छ । यसैमा जिन्दगीको तरिका र सभ्यता सन्निहित हन्छ । यस अन्तर्गत हामी जे गर्छौं त्यसमा हाम्रै संस्कृतिको झलक हुन्छ , यस कारण प्रदेशसभाका गतिविधिलाई अवसर र चुनौतीका रूपमा लिनु आवश्यक छ । नेपाली , मैथिली , भोजपुरी , बज्जिका , हिन्दी र अंग्रेजीलाई सरकारले प्रस्ताव गर्नुको औचित्य , यथार्थ बारे बहस हुनु आवश्यक छ । यसमा दलीय निर्दिष्टता माथि उठेर प्रदेशवासीको छविलाई आत्मामा सन्निहित गर्नु जरुरी छ । भावी सन्ततिले सराप्ने स्थिति नहोस भन्ने कुरालाई ध्यान दिनु पर्ने खाँचो छ ।

## इस्लाम प्रति चीनको दोहरो निति !

# ‘तालिबानसँग ट्याङ्गो, उइगुर माथी नगरसंहार’



अनिल तिवारी

सेप्टेम्बर १३ मा अफगानिस्तानका कार्यवाहक प्रधानमन्त्री मोहम्मद हसन अखुन्द र परराष्ट्रमन्त्री अमिर खान मुक्ताकीले चीनका नवनियुक्त राजदूत झाओ शेङलाई काबुल स्थित राष्ट्रपति भवनमा धुमधाम साथ स्वागत गरे ।

फलस्वरुप अफगानिस्तान स्थित चिनियाँ दूतावासले अन्तर्राष्ट्रिय समुदायलाई तालिबानसँग वार्तामा आउन आग्रह गर्यो । जसले गर्दा तालिबानलाई मध्यम नीति अपनाउदै समावेशी सरकार स्थापना गर्न प्रोत्साहित गऱ्यो । दूतावासको विज्ञप्तिमा पश्चिम र केही अफगानिस्तान बिरोधी देशहरूको आलोचना गर्दै अफगानिस्तानको अवस्थाबाट पाठ सिक्न, आतंकवादमा दोहोरो मापदण्ड त्याग्न, प्रतिबन्ध हटाउनुका साथै सम्पत्ति समेत फिर्ता गर्न आग्रह गरिएको छ । तालिबानले यस अवसरलाई अन्य राष्ट्रहरूलाई इस्लामिक इमिरेट्ससँग संलग्न हुन प्रोत्साहित गर्ने अवसरको रूपमा हेरेको छ ।

तालिबानसँग बेइजिङको नयाँ घनिष्टताले चीनको दोहोरो मापदण्डको कुरा गर्छ । किनभने, तालिबान शासित अफगानिस्तानको सिमानासंगै जोडिएको चिनको सिनजियाङ क्षेत्रमा अल्पसंख्याक मुस्लिम विरुद्ध सांस्कृतिक नरसंहार जारी छ । अगस्टको अन्तिम सात्ता, सी जिनपिङले सिनजियाङको अचानक भ्रमण गरे । भ्रमणको क्रममा चिनियाँ कम्युनिष्ट पार्टी (सीसीपी) अधिकारीहरूलाई कठिन सामाजिक स्थायित्व जोगाउन अवैध धार्मिक गतिविधिहरू कडा नियन्त्रण गर्न उर्दिनै जारी गरे ।

बेइजिङले अधिनायकवादी सिनजियाङ नीति अन्तर्गत “बुर्का लगाउने“, “लामो दाह्री“ बढाउने र सीसीपीको “परिवार योजना नीति“ लाई उल्लङ्घन गर्नुलाई अवैध धार्मिक गतिविधि वा अतिवादको रूपमा लिने गरेको छ ।

चीनको परराष्ट्र नीतिमा आफ्नो सुरक्षा , भू-आर्थिक र भूराजनीतिक स्वार्थहरू प्राप्त गर्न स्व-संचालित कूटनीति र प्रभुत्ववादी कार्यहरू समावेश छन् । यो विदेश नीति एजेन्डाले तालिबानसँग चीनको सम्बन्धलाई व्याख्या गर्छ । तर, चीनको घरेलु नीति फरक छ । यसमा धर्मनिरपेक्ष उइगुर मुस्लिमहरूलाई सिनिसाइज गर्ने उद्देश्यले गैरकानूनी धार्मिक गतिविधिको कमजोर बहानामा दमन समावेश छ ।

### तिब्बतमा ‘सिनिसाइजेसन’को तीव्रता

तिब्बत स्वायत्त क्षेत्रमा सिनिसाइजेसनको तीव्रताका लागि हजारौं चिनियाँ स्नातकहरुलाई तिब्बतमा खटाउन थालिएको छ । तिब्बतका दशौं हजार उत्कृष्ट र प्रतिभाशाली बालबालिकाहरुलाई चिनियाँ भाषा र संस्कृति पढाउनका लागि तिब्बती कक्षाहरु सञ्चालन गर्न चिनियाँ स्नातकहरु पठाइएको हो ।

प्रत्येक वर्ष तिब्बत स्वायत्त क्षेत्रमा काम गर्ने स्नातकहरू यस क्षेत्रलाई सिनिसाइज गर्ने दुई-तर्फी प्रक्रियामा सामेल भएको पाइन्छ । विगत दुई दशकहरूमा ११ हजार ७५१ कलेज स्नातकहरूले तिब्बत स्वायत्त क्षेत्रको विभिन्न क्षेत्रहरूमा काम गरिरहेका छन् ।

चीनको आधिकारिक चाइना डेलीका अनुसार तिब्बतमा आएका चिनियाँ स्नातकहरूलाई चीनको (अर्थात जनवादी गणतन्त्र चीनको) अल्पविकसित पश्चिमी क्षेत्रहरूमा चिनियाँ संस्कृतिको फैलावटका लागि परिचालन गरिएको हो ।

चीनको कम्युनिष्ट युथ लीग, मानव संसाधन र सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा मन्त्रालय र अर्थ मन्त्रालयले सन् २००३ मा यो अभियान सुरु गरेको हो । हालसम्म यस क्षेत्रमा काम गर्न पठाइएका स्नातकहरूमध्ये ३,९३७ ले आफ्नो सेवा अवधि सकिए पछि पनि तिब्बतमा काम जारी राख्नगरेकोले पनि तिब्बतीहरु माथी चिनीयाहरुको दमनलाई प्रमाणित गरेको छ ।

यो परियोजनालाई सात उप-परियोजनाहरूमा विभाजन गरिएको छ । ग्रामीण शिक्षा, ग्रामीण निर्माण, ग्रामीण स्वास्थ्य सेवा, तल्लो तहको युवा कार्य, सिनजियाङ र टारको स्वायत्त क्षेत्रहरूमा ग्रामीण सामाजिक शासन र सेवामा स्वयंसेवकहरूले यस महिनाको अन्त्यमा आफ्नो सेवा सुरु गर्ने बताइएको छ ।

### तालिबानसंग ट्याङ्गो, उइगुरहरूप्रति अत्याचार

विश्वव्यापी विवाद र प्रमुख शक्तिहरू बीचको प्रतिस्पर्धाको बीच, बेइजिङले तालिबान नेतृत्वको अफगानिस्तान प्रति थप सक्रियता बढाएको छ । चिनले अफगानिस्तामा चालेको कुटनितिक सक्रियताको मुख्य उदेश्य,आफ्नो मुलुकमा रहेका उइगुर मुस्लिम माथिको दमनबाट तालिबान ध्यानभटकाउनु नै हो । आन्तरिक सुरक्षा र भू-अर्थशास्त्र-सम्बन्धित कारणहरूको लागि आफ्नो “मित्रहरूको घेरा“ विस्तार गरेर चीनले क्षेत्रीय प्रभावलाई बलियो बनाउन लागी परेको छ । चिन सधै संयुक्त राज्य अमेरिकाको घेराबन्दी रणनीतिको प्रतिरोध गर्ने लक्ष्य राख्दै आएको छ ।



आन्तरिक रूपमा, सिनजियाङमा, चीनले सेप्टेम्बर २००१ पछि आतंकवाद विरुद्धको युद्धलाई उइघुर मुस्लिमहरूको सांस्कृतिक लोकाचार र धार्मिक कपडालाई लक्षित गर्न प्रयोग गरिरहेको छ ।

यो प्रान्तमा बढ्दो हान बसाईंसराइ मार्फत जनसांख्यिकीय असंतुलन सिर्जना गर्ने रणनीतिको साथ चिनले पहिला देखि काम गर्दै आएको छ । सन् २००९ मा, आर्थिक शोषण, सिनिसाइजेसन र प्रान्तको धर्मनिरपेक्ष इस्लामी संस्कृतिको दमनले सिन्जियाङ भित्र व्यापक जातीय दंगा निम्त्यायो ।

२०१३ मा बहुचर्चित बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) को स्थापनाले सिनजियाङलाई मध्य एसिया, युरोप र यूरेशियाका धेरै महत्वाकांक्षी कनेक्टिभिटी परियोजनाहरूको सुरुवात बिन्दु बनायो जसलाई चिनले रणनीतिक र आर्थिक महत्वको रूपमा प्रस्तुत गर्दै आएको हो ।

अगस्ट २०१६ मा, पार्टी सचिव चेन क्वानगुओ, आफ्नो अल्पसंख्यक विरोधी नीतिहरूका लागि परिचित र चीनको जातीय नीति प्रवर्तकको रूपमा चिनिने, सुरक्षा रणनीतिलाई रोल आउट गर्न सिन्जियाङमा पठाइयो । उनले उच्च प्रविधिको निगरानी सुरु गरे र यस क्षेत्रका मुस्लिमहरूको डीएनए प्रोफाइलिङ गरे, जसले सिनजियाङलाई चीनको सबैभन्दा सैन्यीकृत क्षेत्र बनायो । २०१७ सम्म, सीको मार्गदर्शनमा,सिसिपिले १,२०० हिरासत केन्द्रहरू निर्माण गर्न लाखौं डलर लगानी गर्यो र उइगुर, काजाक, उजबेक र किर्गिज लगायत १ मिलियन भन्दा बढी मुस्लिमहरूलाई जेल हाल्यो । यी डिटेन्सन सेन्टरहरूमा, मुस्लिमहरूलाई चिनिया कम्युनिष्ट पार्टिप्रति वफादारीको वाचा गर्न र इस्लाम र इस्लामिक संस्कृतिको निन्दा गर्न बाध्य पारिएको थियो ।

जसमा लामो दाह्री र बुर्का लगाउने कुराहरू समावेश थिए । २०१७ मा, मुस्लिमहरूलाई नमाज (नमाज) गर्न प्रतिबन्ध लगाइएको थियो । प्रतिबन्धको उल्लङ्घनले हिरासत शिविरहरूमा जरिवाना गर्ने प्रावधान बढदै गयो ।

यसैबीच, चीनले कट्टरपन्थी तालिबानमा बढ्दो चासो देखायो र उनीहरूसँग प्रत्यक्ष सञ्चार स्थापना गऱ्यो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संगठनसँगको वार्ता रद्द गरेपछि बेइजिङले २०१९ मा तालिवान प्रतिनिधिमण्डलको आयोजना गरेको थियो । जुलाई २०२१ मा, तालिबानलाई चिनियाँ विदेशमन्त्री वाङ यीद्वारा तियानजिन शहरमा होस्ट गरे । जसले उनीहरूलाई “मुख्य शक्ति“ भनेर वर्णन गरे । अफगानिस्तानमा तालिबानले कब्जा गरेपछि, चीनले तुरुन्तै युएस डलरमा १३ मिलियनको मानवीय सहायताको वाचा गऱ्यो र अफगानिस्तानमा व्यवस्था पुनर्स्थापित गर्न नयाँ अन्तरिम सरकारको स्थापना आवश्यक रहेको बताए ।

चीनले अफगानिस्तानको पुनर्निर्माण, प्रतिबन्ध हटाउन र अफगानिस्तानको विदेशी सम्पत्तिलाई अनफ्रिज गर्नका लागि अन्तर्राष्ट्रिय सहयोगको पनि सक्रियता खोजेको छ । यसबाहेक, बेइजिङले अफगानिस्तानबाट तेल निकाल्नका लागि आगामी तीन वर्षसम्म अफगानिस्तानका सामानहरू बिना शुल्क आयात गरेर तालिबानसँगको आफ्नो सम्बन्धलाई बलियो बनाउन कदम चालेको छ । हालसालै, चिनियाँ दूरसञ्चार कम्पनी हुवावेलाई तालिवानले निगरानीका लागि सीसीटीभी क्यामेरा जडान गर्न सम्झौता गरेको थियो, जसले कट्टरपन्थी समूह माथि चीनको प्रभाव बढाएको थियो ।

बेइजिङले अफगानिस्तानबाट तेल निकासी गर्न आगामी तीन वर्षसम्म अफगानिस्तानका सामानहरू बिना शुल्क आयात गरेर तालिबानसँगको आफ्नो सम्बन्धलाई बलियो बनाउन कदम चालेको छ ।

तालिबानले चीन-अफगानिस्तान सीमाबाट उइघुर लडाकुहरूलाई स्थानान्तरण गरेको छ र दशकौं देखि अफगानिस्तानमा बसोबास गरिरहेका २,००० जातीय उइगरहरूको निगरानी बढाएको छ । यद्यपि, तेहरिक-ए-तालिबान पाकिस्तान ले अझै पनि चीनको सुरक्षा र आर्थिक हितहरू, विशेष गरी पाकिस्तानमा चीन-पाकिस्तान आर्थिक करिडोर परियोजनाहरूका लागि महत्त्वपूर्ण खतरा छ ।

इस्लामिक धार्मिक उन्मादको कारण अफगानिस्तानको अवस्था चिन्ताजनक बन्दै गएको छ । तालिबानले महिला र केटीहरू माथि थप दमनकारी रवैया अपनाएको छ,उनीहरूलाई विद्यालयमा प्रतिबन्ध लगाएको छ ।जुन मानव शुसंचाककोआधारभूत अधिकारबाट पनि वञ्चित पार्नु हो । काबुलले हालै इस्लामिक कानुनलाई उद्धृत गर्दै सबै राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाए पछि यो दमन झनै बढेको छ ।

चीन र तालिबान बीच बढ्दो आर्थिक र राजनीतिक सम्बन्धले प्रजातान्त्रिक राष्ट्रहरू र संयुक्त राष्ट्र संघका लागि महिला अधिकार र समावेशी सरकारको गठनका विकल्पहरूलाई सीमित गरेको छ । बेइजिङको सहयोगमा तालिबानले पाकिस्तान, रुस, चीन, काजार्किस्तान र इरान लगायत विदेशमा रहेका १४ वटा कूटनीतिक नियोगलाई पनि नियन्त्रणमा लिएको छ ।

चीनले विश्वव्यापी आलोचनालाई बेवास्ता गरेको छ

विशेष गरी सिन्जियाङमा सांस्कृतिक आक्रमणको पश्चिमी लोकतान्त्रीक मुलुक तथा मानव अधिकारवादीहरु बारम्बार आलोचना गर्दै आएका छन् । सीपीसीले सिनजियाङमा मुस्लिमहरू माथि गरेको व्यवहारलाई क्यानडा, संयुक्त राज्य अमेरिका र अन्य देशहरूले “नरसंहार“ मानेका छन् ।

चिनिया कम्युनिष्ट पार्टिका अधिकारीहरू माथि प्रतिबन्धहरू लगाइयो र अमेरिकाले पनि उइगूर जनसंख्यालाई थप दमन गर्न सिसिपिद्वारा प्रयोग गर्न सक्ने सामानहरूको निर्यातमा रोक लगाएको थियो । तरपनि बेइजिङले पृथकतावाद, कहिलेकाहीँ हिंसात्मक चरमपन्थ र आतंकवादको बहानामा उइगर मुस्लिम र तिनीहरूको इस्लामिक संस्कृतिको दमनलाई जारी राखेको छ ।

चिनमा उइगुरहरु माथी भइरहेको दमनबारे प्रमुख मुस्लिम राष्ट्रहरुको आलोचन‘आलोचनाको लागी आलोचना’ मात्र साबित भएको छ । इस्लामिक सफ्ट पावरलाई बढावा दिएर र सीआईए मार्फत मुस्लिम राष्ट्रहरूसँग सम्बन्ध निर्माण गरेर, चीनले आलोचनालाई हटाउन र मुस्लिम अल्पसंख्यकहरू प्रति आफ्नो नीतिहरूको अझ सकारात्मक छवि प्रस्तुत गर्न सक्षम भएको छ ।

इस्लामवादी र कम्युनिष्ट शक्तिहरू बीचको अवसरवादी गठबन्धनले दुवै देशमा अल्पसंख्यकहरूलाई उत्पीडन गर्ने वातावरण सिर्जना गरेको छ । यद्यपि, अफपाक क्षेत्रमा अन्य आतंककारी संगठनहरूको उपस्थितिलाई ध्यानमा राख्दै, काबुलको शासनसँग बेइजिङको ट्याङ्गोले दुवै पक्षका लागि अस्थायी लाभ मात्र ल्याउनेछ ।तर दीर्घकालीन रूपमा यो व्यवस्था उल्टो साबित हुने निश्चित छ ।

# तराई मधेशमा बगर खेती एक बरदान



श्री भगवान ठाकुर

नेपाल हिउँ नदी, मुहान, ताल तथा जमिनमुनिको पानीको पर्याप्तताले गर्दा जलस्रोतको धनी राष्ट्र मानिन्छ। हिमनदी हिमाली तुषारो र हिमताल पानीको मुख्य भण्डार मानिन्छ। नेपालमा ३,२५२ हिमनदी, २,३२३ हिमताल र ६,००० नदीहरू रहेका छन् । जलवायु परिवर्तनले नेपालमा हालसम्म १२ हिमताल विस्फोट भई बाढी आएका र २० वटा अझै फुट्ने खतराको सम्भावनामा रहेका छन् । यी ६ हजार नदीनाला ४५ हजार किलोमिटर लामो दूरीमा फैलिएका छन् ।

नेपालका १ हजार नदीहरु ११ किलोमिटरभन्दा बढी लम्बाइका र २४ वटा नदीनालाहरु १६० किलोमिटर भन्दा बढी लम्बाइको रहेका छन् । ती नदी उत्तरबाट दक्षिणतर्फ तराई मधेस भएर बगेका छन् । ठुल ठुला नदी जस्तैः कोशी, गण्डकी, कर्णाली, महाकाली देखि लिएर मझौला खालका बागमती, कमला, राप्ती, मेची, कन्काई र बबइ एवं साना नदीहरु तिनाउ, बाणगगा, तिलावे, सिर्सिया लालबकेया, मनुसमारा, झाँझ, हर्दिनाथ, सुनसरी आदि नदी बगेका छन् । यी नदी वरिपरिका क्षेत्रफल समतल भूभाग वर्षामा पानीको बहावको कारण जङ्गलका र खेतीयोग्य भूमि खेतबारीहरू बगरको रूपमा परिणत भएका छन्। नेपालमा तराई मधेशका २१ जिल्ला गरी ७८ हजार हेक्टर भन्दा बढी जमिन बगर भई उत्पादन विहीन बनेको छ।

नदी खोला किनारका बालुवाले पुरेका, कटान गरेका तथा उकासभई नदीले छाडेका अधिकांश भूमि बर्षातमा बाढीले ढाक्ने र हिउँदमा प्रयोगमा नआएको अवस्था रहेको छ । जलवायु परिवर्तन, कमजोर भौगोलिक बनावट, पहाडको भिरालोपना आदि कारणले तराई मधेशका नदी किनाराका पर्यावरण बिग्रिदै गएको र वर्षा हुने समयको फेर बदलका कारण बाढी तथा सुख्खा जस्ता समस्याले नदी किनारका उब्जाउ जग्गा बगरमा भइरहेको अवस्था छ। यहाँ बसोबास गर्ने मानिसको जनजीवन दिनानुदिन जोखिमपूर्ण हुँदै गइरहेको छ। यस्ता नदी किनार तथा छेउछाउका बालुवामा वर्षायामपछि उपभोग तथा आम्दानी गर्ने उद्देश्यले उपयुक्त प्रविधिबाट कृषिबाली उत्पादन गर्ने कार्यलाई बगर खेती भनिन्छ। यो एउटा तराई मधेशका लागि ठूलो बरदानको रुपमा रहेको छ ।

केही बर्ष यता बगरमा फर्सी समूहका बाली लगाएर नगद आम्दानी गरी जीविकोपार्जनमा सुधार गर्ने अवसर देखिन थालेको छ । यो कार्यमा भारतबाट किसानहरू आई सानासाना पाटामा बगर खेती गर्ने पुरानो परम्परा भएपनि हालमा नेपालका केही संघसंस्थाहरूले कार्यक्रम तथा परियोजनाहरू मार्फत झापा, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट कपिलवस्तु, दाङ,बाँके, कैलाली, बर्दिया लगायत अन्य जिल्लाहरूमा बगरमा तरकारी खेती थोरैथोरै क्षेत्रफलमा गरिएको पाईन्छ।



केही वर्ष अगाडि इसीमोड सहितको टोलीले तराई मधेशका१४ वटा जिल्लाहरुको बगर नक्साङ्कन कार्यले ४५ हजार हेक्टर जग्गा नदीको बालीले ढाक्ने समथर बगर क्षेत्रफल रहेको कुरा पत्ता लगाएको छ । यस्ता जग्गा बर्षभरी नै बाझो तथा नाङ्गै बालुवा वा खरपातले भरेको रहन्छ तर बगरको माटो बालुवा तथा पानीको अवस्था अनुसार केरा, सोहजन, उखु, बदाम, ओल, अदुवा, बेसार, सखरखण्ड, आलु, कुरिलोजस्ता विभिन्न किसिमका बालीलगाएर प्रशस्त आम्दानी गर्न सकिन्छ । नदी किनारका जग्गालाई उपभोगबाट आम्दानी गरी स्थानीय समुदायको जीवनस्तरमा सुधार ल्याउन नदी किनारको पर्यावरणमा सुधार ल्याउन जैविक विविधता कायम, भोकमरी र कुपोषण न्यूनीकरण गर्नुका साथै जलवायुजन्य जोखिमका लागि अनुकूलन क्षमता बढाउन समेत बगर खेती महत्वपूर्ण मानिन्छ । बगर खेती तराई मधेसका जिल्लाहरुमा प्रशस्तै गर्न सक्ने सम्भावना रहेको छ । यसबाट स्थानीय तहका सार्वजनिक जग्गाहरु प्रयोग भई राजस्व वृद्धिमा समेत सहयोगी हुनेछ।

नदी किनार तथा नदी छेउछाउमा र वन क्षेत्रभित्र सार्वजनिक जग्गामा बगर खेती गर्ने चलन रहेको छ। नदीले बगाएर ल्याएका मसिनो बालुवा र पाङ्गो माटो मिसिएको जग्गा बगर खेतीका लागि उपयुक्त मानिन्छ । बाटोको सुविधा भएको तथा बन्यजन्तुबाट जोगाउन सकिने खाले जस्ता वाली छनोट गर्नुपर्छ । बगर खेतीका लागि नदी प्रवाहका विपरीत दिशातर्फ किता किता बाँड्ने खालको तथा चैत वैशाखमा बिरुवाको जग्गा जमिनमुनि नदीको पानीको सतह वा चिस्यान भेट्ने आधा मिटरदेखि १ मिटर गहिरो खालको जग्गा छनोट गरिन्छ । सुख्खायाममा नदी खोलाको पानीको सतह मुनि जाने हुनाले बालीको जरा पानीको सतहमा भेटिने गरि बगरमा साधारणतया नाली बनाएर र खाल्टो खनेर बाली लगाइन्छ। बगर खेतीका लागि गर्मीयाममा हुने काँक्रो फर्सी समूहका बालीहरू जस्तैः काँक्रो, करेला, लौका, चिचिण्डा, तरबुजा, खरबुजा, पर्वल, फर्सी, झुकिनी, खिरि, आदि राम्रोसँग खेती पोली ब्यागमा बेर्ना उमारि माघको दोस्रो हप्तामा खनिएको खाडलमा रोप्नु पर्छ।

फागुन अन्तिम र चैतदेखि मौसमी तरकारी बेचेर धेरै आम्दानी गर्न सकिन्छ। यसमा विशेष गरी चिसोबाट बचाउन छाप्रो सिचाई खुल्ला तथा छाडा पशु, जंगली जनावर, रोग किरा, चोरी आदिबाट बचाउन जरुरी छ।

अतः तराई मधेशका नदी किनारका बगरमा रहेका हजारौं हेक्टर जग्गालाई उब्जाउशील बनाई आम्दानी लिन पुग्ने सम्भावना भएकोले सङ्घीय प्रणालीमा गइसकेको अवस्थामा बालुवामा सुन फलाए भने जस्तै प्रदेश सरकार र स्थानीय सरकारले बगरको समुचित व्यवस्थापन तथ्याङ्क संकलन, संभावता अध्ययन, योजना तर्जुमा, लगानी, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन गरेर खाद्य सुरक्षा वातावरण जलवायु परिवर्तन अनुकूल जैविक विविधता गरिबी न्यूनीकरण एवं समृद्धिमा अहम भूमिका खेल्न सकिन्छ।

# गृहमन्त्री लेखक र एडिबी निर्देशकबीच भेटवार्ता



काठमाण्डु । गृहमन्त्री रमेश लेखक र एसियाली विकास बैंक (एडिबी)का यहाँस्थित देशीय निर्देशक आर्नो कोस्वा बीच विहिबार भेटवार्ता भएको छ।

सिंहदरबारस्थित गृहमन्त्रालयमा भएको भेटवार्तामा गृहमन्त्री लेखकले भौतिक पूर्वाधार निर्माणमा एडिबीको पुऱ्याएको योगदानप्रति धन्यवाद ज्ञापन गर्नुभयो।

साथै मन्त्री लेखकले पूर्व-पश्चिम राजमार्गको गड्डाचौकी-कोहलपुर खण्ड स्तरोन्नती, सुदूरपश्चिमको महत्वपूर्ण व्यापारिक नाकाका रुपमा विकास गर्न थालिएको महाकाली करिडोरको सडक निर्माणमा सहयोग, कैलालीको गोदावरीदेखि डडेल्धुरासम्मको सडक स्तरोन्नती, भारतीय सहयोगमा निर्माणको प्रक्रियामा रहेको दोधारा चादँनी सुख्खा बन्दरगाह वरपर अन्य भौतिक संरचना निर्माण गरी नमूना सुख्खा बन्दरगाह निर्माणमा सहयोग गर्न एडिबीसित आग्रह गर्नुभयो।

त्यसैगरी मन्त्री लेखक र एडिबी निर्देशककोस्वाबीच सुदूरपश्चिम पालिकामा एडिबीको सहयोगमा बनिरहेका आधुनिक शहरको निर्माणलाई थप निरन्तरता र सुदूरपश्चिमको धार्मिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकासमा सहयोगका विषयमा छलफल भएको छ।

एडिबी प्रतिनिधिसितको छलफलमा मन्त्री लेखकले गत वर्ष एडिबीले सुदूरपश्चिमको पर्यटकीय विकासका लागि गरेको 'सर्वे रिपोर्ट' कार्यान्वयनमा समेत जोड दिनुभयो। एडिबीका निर्देशक कोस्वाले उक्त विषयमा एडिबीको माथिल्लो तहसित छलफल गरी जवाफ दिनेबताउनुभयो।रासस

# स्रोतको वितरणमा समानतामा आधारित प्रणाली लागू

अब संशोधनमार्फत विशेष किसिमिका आवश्यकता रहेका स्थानीय तह र प्रदेशमा सेवाको गुणस्तर वृद्धि गर्नेगरी कार्यविधि संशोधन गरिएको छ", उपाध्यक्ष प्रा डा अधिकारीले बताउनुभयो ।

काठमाण्डु । राष्ट्रिय योजना आयोगले समपूरक र विशेष अनुदानमार्फत स्रोतको वितरणमा समानतामा आधारित प्रणाली लागू गरेको छ। विहिबार आयोजित पत्रकार सम्मेलनमा आयोगले १६औँ विकास योजनाको कार्यान्वयन योजना तयार गर्दै उक्त प्रणाली लागू गरेको जनाएको छ। उक्त प्रणालीले समानता र वित्तीय सङ्घीयतामा मुख्य प्रभाव पार्ने आयोगको भनाइ छ।

आयोगका अनुसार उक्त प्रणालीमा पालिका र प्रदेशको राजस्व क्षमताको स्तर समृद्धि, भौतिक पूर्वाधारका आधारमा श्रेणीकरण गरिएको छ। "स्रोत वितरण गर्दा यो श्रेणीकरणलाई आधार मानिनेछ। जसले गर्दा तुलनात्मक रुपमा स्रोतमा कमजोर पालिकाहरुले केन्द्र सरकारबाट समपुरक अनुदान तुलनात्मक रुपमा बढी पाउनेछन्", आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीले भन्नुभयो। वित्तीय सङ्घीयताको दृष्टिले स्रोत परिचालनका आधारमा स्थानीय सरकारको स्वतन्त्रताको स्तरलाई उक्त सूचकाङ्कमार्फत प्रस्तुत गरिएको उहाँको भनाइ छ।

यो प्रणालीको मार्गदर्शनले मानव विकास, रोजगारी सिर्जना र उत्पादकत्व वृद्धिमा प्राथमिकता दिनेछ। साथै स्रोतमा समतामूलक पहुँच सुनिश्चित गर्दै मुलुकभर वित्तीय सङ्घीयतालाई सुदृढ गर्न मद्दत गर्ने आयोगले जनाएको छ।

परियोजनालाई व्यवस्थित र परिणाममुखी ढङ्गले अगाडि बढाउने आयोगले उल्लेख गरेको छ। स्रोतको प्रक्षेपण, बजेट सीमा र मध्यमकालीन खर्च संरचना तयार गर्न पनि सक्रियताका साथ काम गरिरहेको जनाउँदै आयोगले यसबाट बजेट प्रणालीलाई व्यवस्थित गर्न र स्रोतसाधनको कुशल उपयोग सुनिश्चित गर्न मद्दत पुग्ने विश्वास लिएको छ।

आयोगले १६औँ योजना कार्यान्वयन कार्ययोजना तयार गर्दा दिगो विकास लक्ष्यको स्थानीयकरण र अतिकम विकसित देशबाट स्तरोन्नति हुने प्रक्रियालाई प्राथमिकताका साथ समेटेको छ।

"१६औँ विकास योजना, दिगो विकासका लक्ष्य र अतिकम विकसित देशबाट स्तरोन्नति अलग-अलग रुपमा मात्र कार्यान्वयन हुने होइनन्, यी परस्पर अन्तरक्रियात्मक छन् र एकअर्कालाई सहयोग गर्नेगरी विकसित गरी कार्यान्वयनमा लगिएको छ", आयोगले भनेको छ। यसले आयोजनाको प्रभावकारिता र दिगोपनमा महत्वपूर्ण योगदान पुऱ्याउने आयोगको विश्वास छ।

सोह्रौँ योजनाको डिजाइन र कार्यान्वयनमा स्रोतको कुशल उपयोग र प्राविधिक कुशलता सुनिश्चित गर्न ध्यान केन्द्रित गरिएको छ। योजनाले सङ्घीय, प्रादेशिक र स्थानीय सरकारबीचको समन्वयलाई बलियो बनाउँदै योजनाको सफल कार्यान्वयनमा योगदान दिने उद्देश्य राखेको छ। योजना आयोगले दिगो विकासको लक्ष्यको 'कसैलाई पनि पछि नछोड्ने' भन्ने सिद्धान्तका आधारमा योजना तथा कार्यक्रम तयार गरेको जनाएको हो। कार्यान्वयनमा सहजीकरण गरेको आयोगले योजना कार्यान्वयनमा विशेषगरी सामाजिक न्याय, समावेशी विकास र दिगो आर्थिक वृद्धिलाई प्राथमिकता दिइएको जनाएको छ।




तीन तहका सरकार सङ्घीय, प्रादेशिक र स्थानीय सरकारबीच सहकार्य र समन्वयलाई प्रभावकारी बनाउँदै योजनाको कार्यान्वयनलाई सहज बनाइनेछ भने दिगो विकासका लक्ष्य र अतिकम विकसित देशबाट स्तरोन्नतिको लक्ष्यबीचको अन्तरसम्बन्धलाई स्पष्ट पार्दै, योजनाको समन्वय र कार्यान्वयनलाई व्यवस्थित बनाउने काम भइरहेको जनाइएको छ। योजनाहरूको एकीकरणले दिगो विकासका लक्ष्यलाई साकार पार्न सहयोग गर्ने आयोगले जनाएको छ।

सामाजिक न्याय र समान विकासलाई सुनिश्चित गर्न सबै वर्ग र समुदायलाई योजनाको फाइदा पुऱ्याउने गरी कार्यक्रम निर्माण र कार्यान्वयन गरिने आयोगको भनाइ छ। "१६औँ योजना कार्यान्वयन कार्ययोजना केबल आर्थिक वृद्धिमा मात्र केन्द्रित छैन। यो योजना दिगो विकासका साथै सामाजिक न्याय, समावेशीता र समान विकासका सिद्धान्तलाई कार्यान्वयन गर्ने दिशामा केन्द्रित छ", आयोगले भनेको छ।

आयोगले १६औँ योजनाको कार्यान्वयन योजना तयार गरिएको पनि जनाएको छ। १६औँ योजना 'समृद्ध नेपाल, सुखी नेपाली'को आधारशिलामा तयार भएको र यस योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिलाई केन्द्रमा राख्दै आर्थिक वृद्धिलाई प्रबर्द्धन र जनताको जीवनस्तर सुधार गर्नका लागि मार्गदर्शन प्रदान गर्ने विश्वास लिइएको छ।

आयोजना कार्यान्वयनको दक्षता सुधार, आयोजनाको प्रभावकारिता बढाउन, स्रोत व्यवस्थापनलाई व्यवस्थित गर्न र पुँजीगत खर्चलाई सही ढङ्गले परिचालन गर्न आवश्यक नीतिगत सुधारहरुका पहल भइरहेको पनि आयोगले जनाएको छ। यसले आयोजनाको गुणस्तर र कार्यान्वयन प्रक्रियामा नयाँ गति ल्याउने योजना आयोगको विश्वास छ।

आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकासलाई सम्बोधन गर्न सङ्घीय वा प्रदेश सरकारले आफूभन्दा तल्ला सरकारलाई विशेष अनुदान दिने गरेको छ। तर, विशेष अनुदानबापत प्राप्त अनुदानबाट उद्देश्यअनुसार मानव विकास, उत्पादन, रोजगारी, उत्पादकत्व तथा जीवनस्तर वृद्धिमा योगदान गर्न नसकेको भन्दै सरकारले कार्यविधि संशोधन गरेको हो।

विशेष अनुदानको मापदण्डमा स्पष्टता नहुँदा यो शीर्षकमा गएको अधिकांश रकम या त पूर्वाधार निर्माणमा खर्च भएको या गोष्ठी, तालिम, सेमिनारमा सक्ने गरिएको देखिएकाले कार्यविधिमा संशोधन गरिएको आयोगको भनाइ छ।

"विशेष अनुदानसम्बन्धी पुरानो कार्यविधि संविधान र कानुनको मर्मअनुसार थिएन। अब संशोधनमार्फत विशेष किसिमिका आवश्यकता रहेका स्थानीय तह र प्रदेशमा सेवाको गुणस्तर वृद्धि गर्नेगरी कार्यविधि संशोधन गरिएको छ", उपाध्यक्ष प्रा डा अधिकारीले बताउनुभयो।

**योजना बैंकका आयोजना अद्यावधिक गरिने**

आयोगले आयोजना बैंकको अद्यावधिक गर्ने भएको छ। आयोजना बैंक अद्यावधिक गर्दै ७० अङ्क नल्याउने आयोजना 'आयोजना बैंक'मा प्रवेश गर्न नपाउने व्यवस्था गरेको हो। कूल एक सय अङ्कमध्ये ७० अङ्क आधार भूत मापदण्ड र ३० अङ्क क्षेत्रगत मापदण्डका आधारमा प्रदान हुन्छ। यसरी प्रदान हुने अङ्कमा ७० अङ्क प्राप्त गर्ने आयोजना मात्रै बैंकमा प्रवेश हुने भएको हो। यस्तै तीन वर्षसम्म निष्कृय रहेका आयोजना सूचीबाट हट्ने भएका छन्।

आयोजना पहिचानका क्रममा सम्बन्धित मन्त्रालयले नै आयोजनाको साधारण जानकारी उपलब्ध गराउनुपर्ने भएको छ। रु एक अर्बभन्दा साना आयोजनाको पूर्वसम्भाव्यता र रु एक अर्बभन्दा बढीको आयोजनाले विस्तृत परियोजना प्रतिवेदन तयार गरेपछि मात्रै बैंकमा समावेश गर्नेगरी मापदण्डमा सुधार भएको हो।

पछिल्लो विवरणअनुसार आयोजना बैंकमा कूल १८ हजार १८ आयोजना समावेश छन्। जसमध्ये ११ हजार १४ आयोजना गत वर्षमात्रै समावेश भएका हुन्। चालु आर्थिक वर्षमा कूल दुई सय २१ आयोजना समावेश भएका छन्। तीमध्ये सबैभन्दा धेरै सहरी विकास मन्त्रालयले सात हजार तीन सय ७७, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका निकायका पाँच हजार दुई सय ९४ र खानेपानी मन्त्रालयलअन्तर्गत दुई हजार आठ सय ५९ आयोजना समावेश भएका छन्।

आयोगका उपाध्यक्ष डा अधिकारीले आयोजनाका परिभाषाबमोजिम यसको मापदण्ड कायम गरेर आयोजनाको स॒ याभन्दा पनि चाँडो सकिने गरी छनोट र व्यवस्थापन गरिने बताउनुभयो।

कार्यक्रममा अयोगका सहसचिव होमराज कोइरालाले १६औँ योजना कार्यान्वयनका लागि मध्यकालीन खर्च संरचना, आयोजना प्राथमिकीकरणबारे प्रस्तुति दिनुभएको थियो। सहसचिव अर्जुन भण्डारीले समपूरक र विशेष आयोजनाबारे जानकारी गराउनुभएको थियो।

आयोगका अनुसार आर्थिक, सामाजिक, पूर्वाधार अवस्था र राजस्व क्षमताअनुसार प्रदेशको वर्गीकरण गरिएको छ। जसअनुसार सरकारले कर्णाली प्रदेशलाई अधिकतम ७० प्रतिशत अनुदान उपलब्ध गराउनेछ। साथै सदूरपश्चिमलाई ६५ प्रतिशत, मधेसलाई ६० प्रतिशत, गण्डकीलाई ५० प्रतिशत, लुम्बिनीलाई ५० प्रतिशत, कोसीलाई ५० प्रतिशत र बागमतीलाई ४० प्रतिशत अनुदान उपलब्ध गराइनेछ। रासस

# पश्मिना उद्योग नेपालको पहिचान होः उद्योगमन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले पश्मिना उद्योग नेपालको पहिचान भएको बताउनुभएको छ।

नेपाल पश्मिना उद्योग सङ्घको अन्तर्राट्रिय स्तरको पहिलो तीन दिने पश्मिना महोत्सव तथा प्रदर्शनीको उद्धाटन गर्दै उहाँले चीन र मंगोलियाजस्ता देशसँग प्रतिस्पर्धा गरेर नेपालको पश्मिनाले अन्तराष्ट्रिय स्तरमा पहिचान बनाएकाले पश्मिना नेपालको पहिचान भएको बताउनुभएको हो।

"नेपाली पश्मिनाको यति राम्रो बजार छ, सीप पनि छ, विश्व बजारमा चिनाइएको पनि छ, विश्व बजारभन्दा पहिला नेपालमा चिनाउन नसक्नु चिन्ताको विषय हो, युरोप, अमेरिका, जापानलगायत देशमा बजार बनाएको पश्मिनाको थप बजार सुदृढ गर्न कच्चा पदार्थ उपलब्ध गराउने चुनौती र नीतिगत सुधार गर्नुपर्ने खाँचो छ, यसमा सरकार सुधारका काममा जुटेको छ", मन्त्री भण्डारीले भन्नुभयो।

नेपालको धर्मराएको उद्योग क्षेत्रलाई माथि उठाउनुपर्नेमा जोड दिँदै उहाँले सरकारले उद्योग तथा वाणिज्य र निर्यातका क्षेत्रमा बाधक देखिएका कानुनमा सुधारका काम धमाधम अगाडि बढाइसकेको बताउनुभयो। छिट्टै वाणिज्य नीतिको समयसापेक्ष सुधारका लागि आगामी संसद्मा पेश गरिने जानकारी दिँदै उहाँले साना तथा लघुउद्यमीलाई प्रोत्साहित गर्न नीतिगत व्यवस्थाका साथै एउटा छुट्टै कोषको व्यवस्था सरकारले गरिरहेको बताउनुभयो।

मन्त्री भण्डारीले भन्नुभयो, "नेपालको व्यापार र निर्यात कसरी वृद्धि गर्न सकिन्छ भन्नेमा सरकार गम्भिर छ, आर्थिक वृद्धि हासिल गर्न नेपाली वस्तुको बजार विस्तारको रणनीति अपनाउनु जरुरी छ, नेपाली वस्तुको प्रयोग गर्ने कुरालाई राष्ट्रिय अभियानका रुपमा अगाडि बढाउनु पनि जरुरी छ।" उहाँले नेपालको पूँजी बजार र अर्थतन्त्रमा आएको निराशा चिर्न तथा व्यावसायिक सुधारका लागि सरकारले अध्यादेश ल्याएको समेत स्पष्ट पार्नभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालले नेपाली उत्पादनको गुणस्तरमा कुनै कमी नरहेको उल्लेख गर्दै नेपाली वस्तुको स्वदेश तथा विदेशमा बजारीकरणका लागि सरकार र निजी क्षेत्रबीच सहकार्यको खाँचो रहेको औँल्याउनुभयो। नेपाली उत्पादनको प्रवर्द्धनमा महासङ्घले पनि आवश्यक सहयोग तथा सहकार्य अगाडि बढाउने उहाँले प्रतिबद्धता जनाउनुभयो।

सो उद्धाटन समारोहमा नेपालका लागि युरोपियन यूनियनका राजदूत भेरोनिक लोरेन्जो, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेश अग्रवाल, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणा, नेपाल हस्तकला महासङ्घका अध्यक्ष रविन्द्र शाक्य, नेपाल निर्यात व्यवसायी महासङ्घका अध्यक्ष शङ्करप्रसाद पाण्डे, पश्मिना उद्योग सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेलगायतले पश्मिना निर्यातमा देखिएका समस्या समाधान तथा व्यापार विस्तारका विषयमा जोड दिनुभयो।रासस

# 'सरकार अर्थतन्त्रका समस्या चिन्दै चिर्दै अघि बढ्ने कोसिसमा छ'

काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले वर्तमान सरकार अर्थतन्त्रमा देखिएका समस्या चिन्दै चिर्दै अघि बढ्ने कोसिस गरिरहेको बताउनुभएको छ।

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ६० औं वार्षिकोत्सवलाई विहिबार यहाँ सम्बोधन गर्दै उहाँले दबाबमा रहेको अर्थतन्त्रलाई सुदृढ बनाउन केही सफलता हासिल भएको र थप उपलब्धिका लागि सरकार प्रयत्नशील रहेको बताउनुभयो।

उपप्रधानमन्त्री पौडेलले समग्र अर्थतन्त्रलाई चलायमान बनाउँदै उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जनाबाट सबल राष्ट्रिय अर्थतन्त्र निर्माण गर्नेतर्फ सरकार अघि बढिरहेको स्पष्ट पार्नुभयो। "वर्तमान सरकार औसत काम गरेर दिन बिताउने पक्षमा छैन, समस्याका चाङ पन्छाएर छोटो अवधिमै दूरगामी महत्वका उपलब्धि आर्जन गर्न चाहन्छ", उपप्रधानमन्त्री पौडेलले भन्नुभयो, "निराशालाई आशामा बदल्न सरकारले नीतिगत तथा कानुनी सुधार गरिरहेको छ।"



सरकारको तीव्र आर्थिक विकासको योजनालाई साकार बनाउन राष्ट्रिय वाणिज्य बैङ्कको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले तरलतालाई उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृष्टीमा परिचालित गर्न निर्देशन दिनुभयो। सरकार परिणाममुखी कामका लागि तीव्र गतिमा काम गर्न चाहन्छ भन्ने यसअघिका कामकारबाही र निर्णयबाट पुष्टि भइसकेको जनाउँदै उहाँले गुणस्तरीय सेवा प्रवाह र सुशासन, विदेशी लगानीलाई प्रोत्साहन गर्न अध्यादेशमार्फत ३२ कानुन संशोधन गरिएको स्पष्ट पार्नुभयो।

कडा मेहनत र परिश्रमबाट असाधारण उपलब्धि हासिल गर्ने दिशामा खट्न निर्देशन दिँदै उपप्रधानमन्त्री पौडेलले बैङ्कको प्रगति र प्रतिष्ठा व्यवस्थापन र कर्मचारीको पहिलो प्राथमिकता हुनुपर्ने बताउनुभयो।

नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले केही बैङ्क र वित्तीय संस्था समस्याग्रस्त छन् भनेर फैलाइएको हल्लामा कुनै सत्यता नभएको बताउनुभयो। समस्याग्रस्त संस्थाको व्यवस्थापन नियामकको हिसाबले राष्ट्र बैङ्कले गर्ने जनाउँदै उहाँले भन्नुभयो, "बाह्य हल्लाका पछाडि लाग्नुहुँदैन, अतारचढाव आउन सकन्छन्, त्यो स्वभाविक हो, नियामकले नजिकबाट हेरिरहेको छ, कुनै पनि निक्षेपकर्तालाई डुब्न दिइँदैन।"

बैङ्कका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले नवीन सोच र सङ्कल्पका साथ रावा बैङ्क विहिबारको प्रतिस्पर्धी बजारमा आफूलाई अब्बल सावित गर्न सफल भएको बताउनुभयो। रासस


**मधेश प्रदेश सरकार**
**श्रम तथा यातायात मन्त्रालय**
**यातायात व्यवस्था कार्यालय**
**मंलगवा, सर्लाही**

**क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१/१०/११)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ खण्ड (क) को देहाय ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादन गर्ने सम्पनी वा त्यसको आधिकारीक बिक्रेता बीच मात्र प्रतिस्पर्धा गराई क्याटलग विधिबाट इलेक्ट्रिक सवारी साधन खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारीक विक्रेताहरुले आफ्नो फर्म दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ताको प्रतिलिपि समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनको उत्पादक वा आधिकारीक विक्रेताले स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको वितरण क्याटलग वा ब्रोसर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) दिन भित्र यस कार्यालयमा कार्यालय समय भित्र निवेदन दर्ता हुन सम्वन्धित उत्पादक वा आधिकारीक विक्रेतालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निवेदन दर्ता अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस दिन पछिको कार्यालय खुल्ने दिन दर्ता हुने छ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।

| S.N. | Description of Vehicles | Quantity |
|---|---|---|
| 1. | Electric Car/SUV, Right hand drive with synchronous motor Having capacity at least 70KW max^m developing **Power** output at least 95 PS and max^m **Torque** at least 160 Nm at rated rpm. **Battery** capacity at least o48 KWh having operating range 340 KM in one full charging **(WLTP)** certified. 80% of full charge should be done in not more than 60 minutes. max^m charging time at charging station for full charge 7 to 8 hrs, at charging station ground clearance not less than 160 mm. Suspension strut torision or both automatic transmission system with front disc brake and rear disc or drum break. Top speed not less than 150 kmph. automatic air conditioning equipped with digital display LED lights. ABS, EBD with all necessary indicators and gauges. The tyre size minimum 16 inch radial tubeless tyre with alloy wheels. A new brand MFD not less than 2024. Seating capacity 5 persons including driver with 5 doors having bot space not less than 300 Ltres. Minimum 1 Year warranty after acceptance on vehicle as well as minimum 5 years or 150000 Km in warranty on battery. | 1 (One) |

**नोटः** १. संक्षिप्त विवरणमा उल्लेख नभएका अन्य कुराहरु स्वीकृत Specification बमोजिम हुनेछ।
२. पेश हुन आएका प्रस्तावहरु मिति २०८१/१०/१८ दिउँसो १२ बजे खोलिनेछ।



**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhesh Province, Nepal**

**Re-Invitation for Electronic Bids**

**Date of Second publication: 2081-10-11 (24th January, 2025 )**

Janakpurdham Sub-Metropolitan City has allocated funds for Construction of below Mentioned Works. Only electronic bids are accepted. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 01/2081/82/ SQ/WORKS | Additional Work of Ward Office Building, Ward No. 12, Janakpurdham | 11,73,918.72 | 33,000.00 | 2081-10-27, 12:00hrs | 1000.00 |

**Chief Administrative Officer**

# ओझेलको कबड्डी व्यावसायिकतातर्फ

**राजु सिलवाल**

काठमाडौँ, १० माघ(रासस)ः नेपाल सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको केही वर्ष भइसकेको भएता पनि अझै कतैकतै कबड्डीलाई राष्ट्रिय खेल भनि चर्चा गर्ने गरिएको सुनिने गरिएको छ। नेपालमा कबड्डी खेल्नेको स<्या कम छैन। धेरैले स्कूल पढदादेखि नै कबड्डीको खेलको अनुभव हासिल गरेका हुन्छन् । नेपालका तराई क्षेत्रका साथै मध्यपश्चिम र सुदूरपश्चिममा कबड्डी खेल्नेको स<्या अत्यधिक भएता पनि यो खेलले कहिल्यै प्राथमिकता पाउन सकेन। सधैँ ओझेलमा पर्दै आएको कबड्डी खेलमा पहिलोपटक सहभागी सबै खेलाडीले पारिश्रमिक लिएर खेल्ने अवसर पाएका छन् । नेपालमा खेलिने गरिएको खेलहरुमध्ये पुरानो खेल भएता पनि कबड्डी खेलको पहिलोपटक व्यवसायिक अभ्यास हुने भएको छ । राष्ट्रिय खेलको रुपमा आधिकारिक मान्यता पाउन नसकेको कबड्डीको नेपाल लिग हुने भएको हो।




नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट नेपालमा व्यवसायिक खेलको विकासका लागि महत्वपूर्ण प्रतियोगिता साबित हुँदै समाप्त भएलगत्तै कबड्डी खेलमा पनि व्यवसायिक अभ्यासको अध्याय प्रारम्भ हुँदैछ। नेपालमा फेन्चाइज प्रतियोगिता क्रिकेट, फुटबल र भलिबलपछि नेपाल कबड्डी लिग (एनकेएल)को पहिलो संस्करण यही माघ ४ गतेदेखि माघ १८ गतेसम्म काठमाडौँमा डबल राउण्ड रोबिनको आधारमा सञ्चालन भइरहेको छ । एनपिएल क्रिकेटमा जस्तै कबड्डीको प्रतियोगितामा सहभागी हुने विभिन्न शहरका छ टिमका लागि नेपालमा स्थापित भएका खेलाडीहरुलाई मार्की खेलाडीका रुपमा छनोट गरिएको थियो। प्रतियोगितामा नेपालमा विभिन्न ६ वटा शहरहरुको प्रतिनिधित्व गर्दै विराटनगर ब्यान्डिटस, जनकपुर नाईटस, काठमाडौँ माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेड्र्स तथा धनगढी वाईल्ड टिम सहभागी हुदैछन्।

प्रत्येक टिममा १४ जना खेलाडी रहेका छन् । सबै टिमले बढीमा चार जनासम्म विदेशी खेलाडी खेलाउन पाउने छन्। ती टिमहरुका लागि ड्राफ्टद्वारा कूल १२० जना नेपाली खेलाडीमध्ये ८४ जनालाई छनोट गरिएको थियो। यसपालि विभिन्न मुलुकका २५ खेलाडीमध्ये १८ जना छनोटमा परेर एनकेएल खेल्दैछन् । यसमा बंगलादेश, केन्या, श्रीलङ्का तथा थाइल्याण्डलगायतका खेलाडी छन्। विभिन्न टिममा नेपालीसहित भारतीय प्रशिक्षक संलग्न भएका छन् । यसमध्ये एक मात्र नेपाली महिला प्रशिक्षक पार्वती राई पनि छिन् । उनकै प्रशिक्षणमा गत १९औं एशियाली खेलकुदमा नेपाली महिला कबड्डी टिमले कास्य पदक प्राप्त गरेको थियो। नेपालको खेलकुद विकासका लागि निजी क्षेत्रको महत्वपूर्ण योगदान रहदैं आइरहेको छ । कबड्डी खेलको विकास र विस्तार एवं व्यावसायिकतातर्फ अगाडि लैजानेकार्यका लागि एनकेएल प्रतियोगिता उपलब्धिमूलक हुने अपेक्षा गरिएको छ।

**पहिलोपटक पारिश्रमिक**

एनेएल प्रतियोगिताले कबड्डी खेलेर पनि नेपालमा आत्मनिर्भर बन्न सकिने सन्देश दिन खोजेको छ। प्रतियोगितामा खेलिरहेका सबै खेलाडीलाई उनीहरु आबद्ध क्लबहरुले पारिश्रमिक प्रदान गर्दैछन्। नेपालमा कबड्डी खेलाडीहरुले खेल्नकै लागि पारिश्रमिक पाएको यो पहिलोपटक हो । नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीजस्ता विभागीय टोलीमा आबद्ध खेलाडीबाहेक अन्य कबड्डी खेलाडीले यसअघि विदेशमा प्रतियोगिता खेल्न जाँदा पाएको सीमित दैनिक भत्ताबाहेक कहिल्यै पारिश्रमिक पाएका थिएनन् । खेलाडीहरुलाई उनीहरुको खेल क्षमताको आधारमा ए, बि र सी श्रेणीमा विभाजन गरी पारिश्रमिक निर्धारण गरिएको छ । खेलमा पहिचान बनाइसकेका महत्वपूर्ण खेलाडीहरुलाई मार्की खेलाडीका रुपमा अन्य खेलाडीलाई भन्दा बढी पारिश्रमिक दिइएको छ।

**व्यापारिक क्षेत्रको झुकाव**

एनकेएल प्रतियोगिताको आयोजना निजी क्षेत्रको एस्ट्रोनेक्स म्यानेजमेण्टले गरेको हो। प्रतियोगिता आयोजनाका लागि आयोजकले करिब रु तीन करोड खर्च गरेका छन् । बेगानीले यो प्रतियोगिताको आयोजना गर्दा तत्काल लाभभन्दा पनि कबड्डी खेललाई व्यावसायिक रुपमा अघि बढाउने लक्ष्य राखिएको छ। प्रतियोगिता आयोजना गर्न अखिल नेपाल कबड्डी संघसँग आगामी १० वर्षका लागि सम्झौता गरिएको छ।

महत्वपूर्ण मानिएको छ।

**विदेशीसाग सिक्ने अवसर**

यो प्रतिगितामा नेपाली तथा विदेशी खेलाडीले एउटै टिममा रहेर खेल्दैछन् । यसबाट नेपाली खेलाडीहरुले नयाँनयाँ शैली सिक्ने अवसर पाउने छन् । विभिन्न देशबाट आएका अनुभवी खेलाडीहरुसँग एउटै टिममा बसेर खेल्न पाउनु नेपाली खेलाडीहरुका लागि महत्वपूर्ण मौका हो । यसबाट भविश्यमा नेपाली खेलाडीलाई पनि विदेशी टिममा खेल्न जाने अवसरको ढोका खोलिने अपेक्षा गर्न सकिन्छ। प्रत्येक टिममा रहेका चार जना विदेश खेलाडीसँगको सहकार्यबाट नेपाली खेलाडीहरुले नयाँ सीप सिक्ने छन्। जसले आगामी दिनमा नेपालको कबड्डी टिमलाई बलियो बनाउनुका साथै स्वयम आफू पनि व्यावसायिक खेलाडीका रुपमा अन्तर्राष्ट्रिय टिममा प्रवेश पाउन लागि यो उपयुक्त मार्ग बन्न सक्नेछ। भारतबाट आएका प्रशिक्षक तथा प्राविधिक अधिकारीहरुबाट पनि नेपाली प्रशिक्षक तथा अन्य प्राविधिकले नयाँ ज्ञान तथा सीप सिक्न सक्नेछन्।

**विदेशी टिमका अनुभवी नेपाली**

नेपाली राष्ट्रिय पुरुष कबड्डी टिमका कप्तान घनश्याम रोका मगर काठमाडौँ माभरिक्स टिमका तर्फबाट एनकेएलमा खेल्दैछन्। उनले विदेशी टिमबाट समेत खेलेर व्यवसायिक

> प्रत्येक टिममा १४ जना खेलाडी रहेका छन् । सबै टिमले बढीमा चार जनासम्म विदेशी खेलाडी खेलाउन पाउने छन् । ती टिमहरुका लागि ड्राफ्टद्वारा कूल १२० जना नेपाली खेलाडीमध्ये ८४ जनालाई छनोट गरिएको थियो । यसपालि विभिन्न मुलुकका २५ खेलाडीमध्ये १८ जना छनोटमा परेर एनकेएल खेल्दैछन् । यसमा बंगलादेश, केन्या, श्रीलङ्का तथा थाइल्याण्डलगायतका खेलाडी छन् ।

प्रतियोगितामा सहभागी हुने छ वटै टिम नेपालका कर्पोरेट हाउसले किनेका छन्। प्रत्येक टिमले ५० लाख रुपैंयाँभन्दा बढी खर्च गरेको जनाइएको छ। सहभागी सबै खेलाडीका साथै प्रशिक्षकलाई केही दिनदेखि काठमाडौँमा विभिन्न होटलमा राखिएको छ । उनीहरुका लागि सम्पूर्ण सामग्रीको व्यवस्था टिमका तर्फबाट ब्यहोरिएको छ। प्रतियोगिताका प्रारम्भिक वर्षमा केही लाभ हुनसक्ने अवस्था देखिदैंन्। तर त्यसपछि हुने आर्थिक लाभ तथा प्रतियोगिता सफलतापछिको सन्तुष्टि अनुभव हासिल गरेका छन्। केही समयअघि उनले भारतको पुनामा आयोजित प्रो कबड्डी लिगमा दोस्रोपटक भारतीय टिमका तर्फबाट खेलेका थिए । यसपटक उनि सम्मिलित हरियाणा स्टिलर्स टिम प्रतियोगितामा सर्वप्रथम भएको थियो। गतवर्ष उक्त टिमले दोस्रो स्थान प्राप्त गरेको थियो।

नेपालको तर्फबाट उनले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउँदै चौंथो बंगबन्धु कबड्डी च्याम्पियनसीपमा उत्कृष्ठ खेलाडी पुरस्कार पाएका थिए । उनी सम्मिलित टिमलेने जुनियर वर्ल्डकप च्याम्पियनसीपमा तेस्रो स्थान प्राप्त गरेको थियो । यस्तै अन्य उत्कृष्ठ खेलाडीहरुको खेल एनकेएलमा हेर्न पाइनेछ। विराटनगर टिममा कल्याण भुजेल, धनगढीमा पदमबहादुर विष्ट, हिमालयनमा गणेश पार्की, जनकपुरमा राजु टमाटा र पोखरा टिममा प्रदिप मिझारजस्ता अनुभवी खेलाडीहरु मार्की खेलाडीका रुपमा सम्मिलित भएका छन्।

**टेलिभिजनबाट प्रत्यक्ष प्रसारण**

भारतमा क्रिकेटको इण्डियन प्रिमियर लिग आइपिएलपछि दर्शकहरुले सबैभन्दा बढी हेर्ने खेलमा प्रो कबड्डी लिग परेको छ। नेपालमा पनि टेलिभिजन तथा सामाजिक सन्जालमार्फत हुने प्रत्यक्ष प्रसारणले नेपाली दर्शकहरुको स<्या बढाउने अनुमान आयोजकहरुको गरेका छन् । यसले गर्दा कबड्डीको लोकप्रियता आगामी दिन बढन लाने अपेक्षा गर्न सकिन्छ । कबड्डीको प्रतियोगिता हेर्नका लागि पनि दर्शकहरुले धेरै समय खर्च गर्नु पर्दैन। एउटा खेलको कूल अबधि ४० मिनेटको हुनेछ।

**स्थायी संरचना बन्दै**

यसपालि एनकेएल प्रतियोगिताको नारा 'माटोदेखि मैदानसम्म' तय गरिएको छ । नेपालले कबड्डी खेलाडीहरुलाई एशियाली खेलकुद, दक्षिण एशियाली खेलकुदलगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउँदै आइरहेको भएता पनि हालसम्म पनि कबड्डी खेल अभ्यासका लागि आफ्नै खेल मैदान तथा कभर्ड हलको व्यवस्था हुन सकेको छैन। काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ स्पोर्टस कम्लेक्समा रहेको कभर्ड हलमा बिहानदेखि विभिन्न खेलका अभ्यास हुने भएकाले खेल अभ्यासका लागि खेलाडीहरुले कुर्नुपर्ने बाध्यता रहेको छ।

यसैबीच नेपाल कबड्डी संघद्वारा कागेश्वरी मनहरा नगरपालिकामा कबड्डी ग्राउण्ड निर्माण कार्य शुरु गरिएको छ। काठमाडौँमा कबड्डी खेल्नका लागि मैदानको अभाव भैरहेको स्थितिलाई समाधान गर्ने यो ग्राउण्ड निर्माण गर्न लागिएको हो । कबड्डीका लागि स्थायी संरचना बनाउने लक्ष्य राखिएको संघले जनाएको छ । एनकेएल प्रतियोगिताको उदघाटनका दिन दर्शक रङ्गशालास्थित कभर्डहलमा लेजर सोका साथै विभिन्न रंङ्गीचङ्गी साङ्गितिक कार्यक्रम पनि आयोजना गरिने भएको छ । प्रतियोगिता अवधिभर आयोजना हुने कूल १९ वटै खेलको एकैपटक टिकट किन्न सकिने व्यवस्था गरिएको छ। पुरुषहरुको कबड्डी लिगपछि महिलाहरुको लिग आयोजना गरिने लक्ष्य राखिएको छ।

नेपालले एशियाली खेलकुद, दक्षिण एशियाली खेलकुदजस्ता महत्वपूर्ण प्रतियोगितामा पदक भित्र्याउन सक्ने सम्भावित खेलका रुपमा कबड्डीलाई अग्रपङ्तिमा राख्न सकिन्छ। तर सरकारले यो खेललाई उच्च प्राथमिकता दिदैं खेलप्रतिको आकर्षण बढाउँदै लैजाने वातावरण बनाउनु पर्दछ । अहिले नेपाली युवाहरु अवसरको खोजीमा विदेशतर्फ आकर्षित भैरहेको अवस्थामा नेपालमा खेलेर पनि जीवनयापन गर्न सकिने अवस्था निर्माणका लागि नेपाल कबड्डी प्रिमियर लिग एनपिएलजस्ता प्रतियोगिता उपयुक्त पहल हुने अपेक्षा गरिएको छ।रासस

# आफ्ना नागरिकलाई फिर्ता गर्न भारत तयार

एएफपी

वासिङ्टन । अमेरिकामा अवैध रूपमा बसोबास गर्दै आएका भारतीय नागरिकलाई फिर्ता गर्ने भारतले बताएको छ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नयाँ प्रशासनका उच्च कूटनीतिज्ञसँगको भेटपछि विदेशमन्त्री सुब्रमण्यम जयशङ्करले संयुक्त राज्य अमेरिकामा अवैध रूपमा बसिरहेका आफ्ना नागरिकलाई फिर्ता लिन भारत तयार रहेको बताउनुभएको हो।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग ट्रम्पले पदभार ग्रहण गरेको एक दिनपछि मङ्गलबार वासिङ्टनमा भएको भेटवार्तापछि भारतीय विदेशमन्त्री जयशङ्करले यस्तो टिप्पणी गर्नुभएको हो।

ट्रम्पले यसै साता कार्यकारी आदेश जारी गर्दै अवैध आप्रवासनमाथि कडाइ गर्नु र लाखौं आप्रवासीलाई देश निकाला गर्ने आफ्नो लक्ष्यलाई तीव्रता दिन निर्देशन गर्नुभएको छ।

जयशङ्करले नयाँदिल्ली कागजातविहीन भारतीयहरूलाई फिर्ता लिन तयार रहेको र संयुक्त राज्य अमेरिकामा रहेका आफ्ना नागरिकलाई भारतमा निर्वासित गर्न सकिनेहरूको प्रमाणीकरण गर्ने प्रक्रियामा रहेको बताउनुभयो।

जयशंकरले बुधबार वासिङ्टनमा भारतीय पत्रकारहरूको एक समूहसँग भन्नुभयो, "भारतीय प्रतिभा र कौशलले विश्वव्यापी स्तरमा अधिकतम अवसर पाऊन् भन्ने हामी चाहन्छौं । हामी अवैध आवागमन र अवैध आप्रवासनको पनि कडा विरोध गर्दछौं।"

उहाँले भन्नुभयो, "हामीले जहिले पनि यो दृष्टिकोण लिएका छौं कि अमेरिसहित विश्वका हरेक देशमा हाम्रा कोही पनि नागरिक अवैध रूपमा छन् हाम्रा नागरिक हुन् भने, हामी सधैं उनीहरूको वैध भारत फिर्तीको लागि खुला छौं।"

जयशङ्करले ट्रम्प प्रशासनसँग मिलेर १८ हजार भारतीयलाई देश निकाला गर्न भारतले काम गरिरहेको भन्ने समाचारको जवाफमा यस्तो बताउनुभएको हो।

।। हार्दिक श्रद्धाञ्जली ।।
स्व. युगल किशोर यादव
धनुषा निर्माण व्यवसायी संघका कोषाध्यक्ष तथा मेरा आत्मनिय मित्र लक्ष्मण यादवका बुवा **युगल किशोर यादव**को मिति २०८१/०९/२९ गतेका दिन असमायिक निधन हुन गएकोमा हामि मर्माहत भएका छौ । १३ औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दे शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।
जानकी सिभिल ल्याब सोलुसन प्रा.लि.
जनकपुरधाम, धनुषा (परिवार)

# ब्लुमबर्गले संयुक्त राष्ट्र जलवायु निकाय कोष जुटाउने


एएफपी

वासिङ्टन। राष्ट्रपति डोनाल्ड ट्रम्पले पेरिस सम्झौताबाट दोस्रो पटक अमेरिका फिर्ता हुने घोषणा गरेपछि अर्बपति माइकल ब्लुमबर्गले आफ्नो फाउन्डेसनले संयुक्त राष्ट्र जलवायु परिवर्तन निकायलाई वित्तीय सहयोग गर्ने घोषणा गर्नुभएको छ।ब्लुमबर्गको यो हस्तक्षेपले संयुक्त राष्ट्र फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज (युएनएफसिसिसी) लाई पूर्ण रूपमा वित्तपोषण गर्ने लक्ष्य राख्दछ। यद्यपि अमेरिकाले आफ्नो योगदान रोकेको छ।

अमेरिकाले साधारणतया युएनएफसिसिसी सचिवालयको बजेटको २२ प्रतिशत योगदान गर्दछ। युएनएफसिसिसीको परिचालन खर्च २०२४-२०२५ मा आठ करोड ८४ लाख युरो अनुमान गरिएको छ।

"सन् २०१७ देखि २०२० सम्म सङ्घीय गैर-कार्यको अवधिमा सहर, राज्य, व्यवसाय र सार्वजनिक क्षेत्रले हाम्रो राष्ट्रको प्रतिबद्धतालाई सम्मान गर्न चुनौती स्वीकार गरेका थिए र अब हामी फेरि तयार छौँ", जलवायु महत्त्वाकांक्षा र समाधानका लागि संयुक्त राष्ट्रका विशेष दूत ब्लुमबर्गले एक विज्ञप्तिमा भन्नुभयो।

अमेरिकी सङ्घीय असंलग्नताका कारण सिर्जित खालीपनलाई भर्न ब्लुमबर्गले कदम चालेको यो दोस्रो पटक हो। सन् २०१७ मा ट्रम्प



प्रशासनले पेरिस सम्झौताबाट पहिलो पटक फिर्ता लिएपछि ब्लुमबर्गले युएनएफसिसिसीलाई सहयोग गर्न एक करोड ५० लाख डलरसम्म दिने वाचा गर्नुभएको थियो।

उहाँले 'अमेरिकाको प्रतिबद्धता' नामक पहल पनि सुरु गर्नुभएको छ। यसले सङ्घीय स्तर बाहेकका अमेरिकी जलवायु प्रतिबद्धताहरूको अनुगमन र प्रतिवेदन गर्दछ। यसले विश्वलाई अमेरिका अझै पेरिस सम्झौताको पूर्ण पक्ष हो जस्तै प्रगति अनुगमन गर्न सक्षम बनाउँछ। ब्लुमबर्गले यो पटक पनि अमेरिकी रिपोर्टिङ दायित्वहरू पालना गर्ने आफ्नो प्रतिबद्धतालाई दोहोर्याउनुभयो।

"यस्ता योगदानहरू संयुक्त राष्ट्र जलवायु परिवर्तन सचिवालयलाई मुलुकहरूलाई पेरिस सम्झौता अन्तर्गत आफ्ना प्रतिबद्धताहरू पूरा गर्न र कम उत्सर्जन, लचिलो, र सुरक्षित भविष्यको लागि अघि बढ्न महत्त्वपूर्ण छ", संयुक्त राष्ट्रका जलवायु प्रमुख साइमन स्टिलले भन्नुभयो।रासस

।। हार्दिक श्रद्धाञ्जली ।।
स्व. युगल किशोर यादव
धनुषा निर्माण व्यवसायी संघका कोषाध्यक्ष तथा मेरा आत्मनिय मित्र लक्ष्मण यादवका बुवा **युगल किशोर यादव**को मिति २०८१/०९/२९ गतेका दिन असमायिक निधन हुन गएकोमा हामि मर्माहत भएका छौ । १३ औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दे शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।
कमलेश कुमार जयसवाल
कार्यकारी सदस्य
धनुषा निर्माण व्यवसायी संघ
तथा
इशानी कन्सट्रक्शन, जनकपुरधाम, धनुषा (परिवार)

।। हार्दिक श्रद्धाञ्जली ।।
स्व. युगल किशोर यादव
धनुषा निर्माण व्यवसायी संघका कोषाध्यक्ष तथा मेरा आत्मनिय मित्र लक्ष्मण यादवका बुवा **युगल किशोर यादव**को मिति २०८१/०९/२९ गतेका दिन असमायिक निधन हुन गएकोमा हामि मर्माहत भएका छौ । १३ औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दे शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।
रमेश कुमार यादव
पूर्व महासचिव
धनुषा निर्माण व्यवसायी संघ
जनकपुरधाम, धनुषा

# प्रविधिले जोगाएको नेपाली अण्डाको बजार



चितवन । कुखुरा पालन व्यवसायमा लगानी बढेसँगै मासु तथा अण्डातर्फ नेपाल आत्मनिर्भर बन्दै गएको छ । कोभिड सङ्क्रमणका कारण समग्र विश्वबजार शिथिल भई अर्थतन्त्रमा परेको नकारात्मक असरको प्रभाव नेपालको 'पोल्ट्री' व्यवसायमा पनि परेको सम्बद्ध क्षेत्रका व्यवसायी बताउँछन् । पोल्ट्री व्यवसायी मञ्चले कोभिडका समयमा नेपाली बजारमा अण्डाका माग ह्वात्तै घटी नगन्यमात्रामा कारोबार भएपछि विस्थापित हुनपुगेका पोल्ट्री व्यवसायीलाई एकपटकका लागि राहत सहयोग उपलब्ध गराउन सरकारको ध्यानाकषर्ण गरेको छ ।

कोभिड महामारीका कारण लगानी डुबेका बाहेक अधिकांश कृषकले आफ्नो व्यवसायलाई समयसापेक्ष रुपमा आधुनिक र प्रविधियुक्त बनाइ मुलुकको अर्थतन्त्रलाई केही हदसम्म चलायमान बनाइरहेको अवस्था छ । मञ्चका अध्यक्ष रघुनाथ भट्टका अनुसार अहिले नेपालको पोल्ट्री व्यवसायमा करिब एक खर्ब ६० अर्ब लगानी भएको र त्यसको करिब आधा अर्थात् रु ८० अर्ब अण्डा उत्पादनका क्षेत्रमा लगानी रहेको छ । नेपालमा अहिले दैनिक उत्पादित ३२ लाख अण्डाले बजारको माग धानेको मञ्चले स्पष्ट गरेको छ ।

नेपालमा कुखुरा पालन क्षेत्रमा उन्नत प्रविधि नभित्रिएको भए यतिवेला यो क्षेत्र आत्मनिर्भर बन्न नसक्ने व्यवसायीहरू बताउँछन् । पछिल्ला दिनहरुमा कृषकहरु व्यावसायिक बन्दै ठूलो लगानी गरेकै कारण नेपालमा कुखुरा पालन क्षेत्र आत्मनिर्भर बन्न सकेको हो ।

देशकै ठूलो मध्यको दाउन्ने एग्रो फार्मका कार्यकारी निर्देशक विनोद पोखरेलका अनुसार अण्डा उत्पादन गर्ने लेयर्स कुखुरा पालक कृषकहरुले ठूलो लगानी गरेकै कारण नेपाली बजारको माग धान्न सकिएको हो । अहिले नेपालमा २० भन्दा बढी ठूला व्यावसायिक फार्महरुले बातावरण अनुकुलित खोरमा कुखुरा व्यवसाय गर्दै आएका छन् । ती खोरमा आबश्यकता अनुसार तापक्रम मिलाएर कुखुरा राख्ने गरिन्छ । कुखुराले पारेका अण्डा स्वचालित उपकरणबाट एकै ठाउँमा जम्मा गर्ने गरिन्छ । कम जनशक्तिमा उच्चतम प्रविधिको प्रयोग गरेर काम गर्ने गरिएको कार्यकारी निर्देशक पोखरेलले जानकारी दिनुभयो ।

अहिले नेपालमा ५० हजार कुखुरा पाल्न बातावरण अनुकुलित खोर निर्माणका लागि करिब रु छ करोड खर्च लाग्छ । ती खोरमा कुखुरा राखेर अण्डा उत्पादन हुने बेलासम्म रु १० करोड हाराहारी लागत पुग्दछ । कार्यकारी पोखरेलले भन्नुभयो,"पछिल्लो समय लागतअनुसारको मूल्य प्राप्त हुनेगरेकाले अण्डा उत्पादनतर्फ आकषर्ण बढ्दो छ ।

यसबाट रोजगारी सिर्जना हुनुका साथ विदेशबाट अण्डा आयात गर्नुपर्ने अवस्था अन्त्य भएको छ । पोल्ट्री व्यवसायबाट विस्थापित किसानलाई राहत सहयोगसहित पुनः यसै व्यवसायमा भित्त्याउने वातावरण तयार गर्न सरकारसँग अनुरोध गर्दछु ।"

नवलपरासी (बर्दघाट-सुस्ता पूर्ब)को सर्दीमा चार लाख कुखुरा पाल्दै आउनुभएका पोखरेल थप दुई लाख कुखुराका लागि खोर बनाउँदै हुनुहुन्छ । उहाँको भनाइमा उच्च जोखिमका बावजुद् नेपाली कृषक एवं व्यवसायीहरुले करोडौं लगानी गरेकै कारण यतिबेला यहाँको अण्डाको बजार धान्न सकिएको हो । स्याङ्जाको भिरकोटमा दुई लाख कुखुरा पालेको खिलुङकालिका एग्रोफार्मले जनकपुरमा 'जनकपुर एग्रोफार्म' स्थापना गरेर थप चार लाख कुखुरा पालिरहेको छ । नवलपरासीमा नै 'दुम्किबास पोल्ट्रि फार्म'ले चार लाख हाराहारी कुखुरा पाल्दैआएको छ ।

खिलुङकालीका एग्रोका प्रबन्ध निर्देशक भेषराज अर्याल अण्डा उत्पादन गर्न ठूलो लगानी गरिएको बताउनुहुन्छ । लागत मूल्य भन्दा कममा अण्डा बिक्री गर्नुपर्ने अबस्था आएमा यो लगानी जोखिममा पर्ने उहाँको भनाइ छ । नेपाल अण्डा उत्पादक सङ्घका पूर्ब अध्यक्ष त्रिलोचन कँडेल ७५ प्रतिशत अण्डा उच्च प्रविधिका बातावरण अनुकुलित खोरबाट उत्पादन हुने गरेको बताउनुहुन्छ । उहाँको भनाइमा कोभिड सङ्क्रमणपछि खस्किएको बजारले ७५ प्रतिशत अण्डा उत्पादक कृषक बिस्थापित भएको छन् । उहाँले भन्नुभयो, "ठूला लगानी गर्ने व्यवसायी यस क्षेत्रमा नआएका भए अहिले अण्डाको बजार आत्मनिर्भर हुन सक्दैनथ्यो ।" हाल नेपालदमा ३० हजार भन्दामाथि कुखुरा पाल्ने किसानको सङ्ख्या २५० हाराहारी रहेको अध्यक्ष कँडेल बताउँनुहुन्छ ।

> नेपाली बजारमा अण्डा तथा मासुको मूल्य घटिरहेको अवस्थामा बैङ्कको ब्याजदरसहित दाना र औषधिको मूल्य बढ्नाले किसान बिस्थापित हुनुपरेको उहाँले स्पष्ट गर्नुभयो ।
> पोल्ट्री व्यवसायी मञ्चका पूर्ब अध्यक्ष राजेन्द्र लामिछाने भूकम्प, नाकाबन्दी, कोभिड महामारी, आर्थिक मन्दीलगायतका कारण मूल्य पाउन नसक्दा किसान विस्थापित भएको बताउनुहुन्छ ।

पोल्ट्री व्यवसायी मञ्चका अध्यक्ष भट्ट कोभिड सङ्क्रमणपछि एकाएक घटेको अण्डाको मूल्यले धेरै व्यावसायीलाई यस क्षेत्रबाट बिस्थापित गराएको बताउनुहुन्छ । अहिले यस व्यवसायमा रहेकाहरू बैङ्कको ऋण थप गरेर टिक्न सकेको उहाँको भनाइ छ । नेपाली बजारमा अण्डा तथा मासुको मूल्य घटिरहेको अवस्थामा बैङ्कको ब्याजदरसहित दाना र औषधिको मूल्य बढ्नाले किसान बिस्थापित हुनुपरेको उहाँले स्पष्ट गर्नुभयो ।

पोल्ट्री व्यवसायी मञ्चका पूर्ब अध्यक्ष राजेन्द्र लामिछाने भूकम्प, नाकाबन्दी, कोभिड महामारी, आर्थिक मन्दीलगायतका कारण मूल्य पाउन नसक्दा किसान विस्थापित भएको बताउनुहुन्छ । पछिल्लो समय आधुनिक प्रविधिका ठूला व्यावसायिक फार्म बढेका कारण धेरै किसान विस्थापित भए पनि माग धान्न सकेको हो । किसान पलायन हुन थालेपछि दुई वर्षअघि सम्बन्धित क्षेत्रका किसानले नेपाल लेयर्स कुखुरापालक सङ्घ गठन गरेका थिए । सो संस्थाले देशव्यापी रुपमा बजारीकरण गरेसँगै पुराना किसानले थप कुखुरा पाल्न थालेको र नयाँ किसान समेत आउन थालेको लामिछाने बताउनुहुन्छ । सङ्घका अध्यक्ष एवं किसान एग्रोका कार्यकारी निर्देशक पोखरेल आफ्नो नेतृत्वमा अण्डा उत्पादन गर्ने कृषक तथा व्यवसायीहरु सङ्गठित रुपमा बजारीकरणमा जुटेकै कारण लागत मूल्य पाउन सकेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "हामीहरु सङ्गठित रुपमा नलागेको भए यतिबेला नेपालमा बिदेशी अण्डा ल्याएर खानुपर्ने अवस्था आउँथ्यो ।"

पोखरेलले कुखुरा पालिरहेकाहरु अधिकाङ्शको ठूलो मात्रामा बैङ्क ऋण रहेको बताउनुभयो । उहाँको भनाइमा धितो राखेर ऋण लिएकाहरुले धितो बिक्री गरेर ऋण तिर्ने अवस्थासमेत छैन । व्यवसाय सञ्चालनका क्रममा बैङ्कबाट लिएको ऋणको व्याजसमेत तिर्न नसक्दा कुखुरा पालक किसान यस क्षेत्रबाट विस्थापित हुनुपर्ने अवस्था सिर्जना भएको उहाँ बताउनुहुन्छ । कोभिड सङ्क्रमणको समयमा किसानले अण्डाको मूल्य प्रतिगोटा रु आठभन्दा तल पाएका थिए । त्यतिबेलाको नोक्सान धान्न मुस्किल भएको उहाँको भनाइ छ । अहिले नेपालमा दैनिक ३२ लाख गोटा हाराहारी अण्डा उत्पादन हुँदै आएको छ । अण्डाको लागत मूल्य रु १६ दशमलव ५६ पर्ने गरेको बिज्ञहरु बताउँछन् । सङ्घको दुई वर्षको लगातारको वजारीकरणपछि भने लागत मूल्य पाउन किसान सफल भएको कार्यकारी पोखरेल बताउनुहुन्छ ।रासस

# बाँकेमा तीन सय उद्योग तथा फर्म खारेज



जानकी । चालु आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म ६ महिनाको समय अवधिमा घरेलु तथा साना उद्योग कार्यालय बाँकेमा तीन सयभन्दा बढी उद्योग तथा फर्म खारेज भएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख उद्योग अधिकृत रमेशबहादुर बुढाथोकीका अनुसार चालु आर्थिक वर्षको छ महिनामा उद्योगतर्फ एक सय आठ र वाणिज्यतर्फ दुई सय ३८ उद्योग तथा फर्म खारेज भएका छन् ।

"चालु आर्थिक वर्षको छ महिनामा उत्पादनमूलक, कृषि तथा वन्यजन्तु, पर्यटनमूलक, सेवामूलकलगायत उद्योगतर्फ एक सय आठ र वाणिज्यतर्फ प्राइभेट र साझेदारी फर्म दुई सय ३८ गरी जम्मा तीन सय ४६ उद्योग तथा फर्महरु खारेज भएका छन्", प्रमुख बुढाथोकीले भन्नुभयो, "लगतकट्टा (खारेजी) का साथसाथै नयाँ उद्योग तथा फर्महरु दर्ता पनि हुँदै आएका छन् । तर पछिल्ला केही वर्षदेखि लगातार खारेजी गर्नेको संख्यामा वृद्धि हुँदै आएको छ ।"

प्रमुख उद्योग अधिकृत बुढाथोकीका अनुसार छ महिनाको समय अवधिमा विभिन्न प्रकृतिका तीन सय ६८ नयाँ उद्योग र वाणिज्यतर्फ चार सय १० नयाँ फर्म दर्ता भएका छन् । "कार्यालयको तथ्याङ्कमा विगत चार/पाँच वर्षदेखि लगातार नयाँ उद्योग तथा फर्म दर्ता गर्नेको संख्या घटिरहेको छ भने खारेज गर्नेको संख्या बढेको छ", उहाँले भन्नुभयो, "आर्थिक मन्दी, बैङ्कको चर्को ब्याज, खुला सिमानालगायत कारण भारतीय बजारसँग प्रतिस्पर्धा गर्न नसकेर उद्योग तथा फर्म बन्द गर्नुपरेको उद्योगी व्यापारीहरुले गुनासो गर्नुहुन्छ ।"

युवाहरुले उद्योग सञ्चालन गर्नका लागि ऋणधन गरेर उद्योग स्थापना गरे पनि विविध कारणले गर्दा उद्योग टिकाइराख्न र निरन्तर सञ्चालन गर्न नसकेका कारण खारेज गर्नु परेको उहाँले भन्नुभयो । प्रमुख बुढाथोकीले भन्नुभयो, "युवाहरुले केही गर्छु भनेर उद्योग स्थापना गरे पनि उद्योग टिकाइराख्न र निरन्तर सञ्चालन गर्न नसक्दा खारेज गरेर वैदेशिक रोजगारीका लागि विदेश जाने गर्नुहुन्छ ।"

कार्यालयका प्रशासन अधिकृत सुशील ढकालका अनुसार चालु आवको छ महिनाको समयमा उद्योगतर्फ ६ सय २७ र वाणिज्यतर्फ एक हजार दुई सय ५६ फर्म नवीकरण भएका छन् । त्यसैगरी, पुँजी वृद्धि, ठाउँसारी, नाम परिवर्तन, नामसारी, ठेगाना परिवर्तनलगायत उद्योगतर्फ तीन सय ४० र वाणिज्यतर्फ चार सय ७७ संशोधन गरिएको छ ।

त्यसैगरी, वाणिज्यतर्फ नयाँ फर्म दर्ता हुनेभन्दा खारेज गर्नेकै संख्या बढिरहेको छ । उद्योग अधिकृत बुढाथोकीका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा प्राइभेट फर्म ६ सय ३४ र साझेदारी फर्म १४ गरी कुल ६ सय४८ नयाँ फर्म दर्ता भएका थिए । आर्थिक वर्ष ०७९/८० मा प्राइभेट फर्म आठ सय ५८ र साझेदारी फर्म १६ ढाथोकीले जानकारी दिनुभयो ।

आर्थिक वर्ष ०८०/८१ मा प्राइभेट फर्म चार सय ५० र साझेदारी फर्म १२ गरी चार सय ६२ फर्म खारेजी भएका थिए भने आर्थिक वर्ष ०७९/८० मा तीन सय १२ प्राइभेट फर्म खारेजीमा परेका थिए । केही वर्षयता अघिल्लो आवमा भन्दा नयाँ आवमा क्रमशः दर्ता हुने क्रम घट्दै गएको हो भने खारेजी गर्ने क्रम बढ्दै गएको हो । कार्यालयको तथ्याङ्कले विगत चार वर्षदेखि लगातार नयाँ उद्योग तथा फर्म दर्ता गर्ने क्रम घटिरहेको र खारेजी गर्नेको संख्या बढ्दै गइरहेको देखाएको हो ।

नयाँ दर्ता/स्थापना भएका उद्योगहरुमा एक सय सात महिला र दुई सय ८६ जना पुरुष गरी जम्मा तीन सय ९३ जना उद्यमी छन् भने ६ सय २० जना महिला र आठ सय ८१ पुरुष गरी कुल एक हजार पाँच सय एकजनाले रोजगारी पाए छन् । नयाँ उद्योग दर्ता, नवीकरण, संशोधन लगायतबाट यस चालु आवको पुससम्ममा उद्योगतर्फ रु ४० लाख ४४ हजार र वाणिज्यतर्फ ७६ लाख ६१ हजार पाँच सय ८५ राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।

कार्यालयको गत आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्कअनुसार विगत चार वर्षदेखि लगातार कार्यालयमा उद्योग दर्ता गर्नेको संख्या घट्दै गइरहेको र खारेजी गर्नेको संख्या बढ्दै गइरहेको हो । गत आवमा विभिन्न प्रकृतिका सात सय ६० नयाँ उद्योग दर्ता भएका थिए भने दुई सय ३० उद्योग खारेज भएका थिए ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले विहिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलरको मूल्य विहिबार घटेको छ भने युरोको मूल्य स्थिर रहेको छ ।

युके पाउन्ड स्ट्रलिङ, स्विस फ्र्याङ्क र अष्ट्रेलियन डलर अघिल्लो दिनको तुलनामा बढेको छ । जापानी येन, चिनियाँ युआन, कतारी रियाल, थाई भाट, मलेसियन रिङ्गेट, साउथ कोरियन वन, स्विडिस क्रोनर, डेनिस क्रोनर, कुवेती दिनार, बहराइन दिनार र ओमनी रियालको मूल्य स्थिर रहेको छ । यस्तै, केही विदेशी मुद्राको भाउ भने अघिल्लो दिनको तुलनामा स्थिर छ ।

राष्ट्र बैङ्कका अनुसार विहिबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३७ रुपैयाँ ८२ पैसा र बिक्रीदर एकसय ३८ रुपैयाँ ४२ पैसा कायम भएको छ । बुधकार अमेरिकी डलर एकको खरिददर ३३ रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय ३८ रुपैयाँ ८३ पैसा कायम थियो । युरोपियन युरो एकको खरिददर एक सय ४३ रुपैयाँ ९६ पैसा र बिक्रीदर एक सय ४४ रुपैयाँ ५९ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७० रुपैयाँ ३४ पैसा र बिक्रीदर एक सय ७१ रुपैयाँ ०८ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ४१ पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ ०७ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ६८ पैसा र बिक्रीदर ८७ रुपैयाँ ०६ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ २५ पैसा र बिक्रीदर ९६ रुपैयाँ ६७ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ ८९ पैसा र बिक्रीदर एक सय ०२ रुपैयाँ ३३ पैसा निर्धारण गरिएको छ ।



जापानी येन १० को खरिददर आठ रुपैयाँ ८५ पैसा र बिक्री दर आठ रुपैयाँ ८८ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ९६ पैसा र बिक्रीदर १९ रुपैयाँ ०५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९० पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ८० पैसा र बिक्रीदर ३७ रुपैयाँ ९६ पैसा कायम भएको छ ।रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१०/११ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा मिति २०७९/०४/२३ गते रोज २ मा प्रा.फ.र.नं. ९८३८/६३/०७९/०८० तथा आन्तरिक राजश्व कार्यालय, जनकपुर र करदाता सेवा कार्यालय, जलेश्वरमा मिति २०७९/०४/२३ मा स्थायी लेखा नम्बर (PAN) १३३५५४५८२ अन्तर्गत दर्ता कायम भएको **आयान ट्रेडर्स** । | |
| **व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| १. सबदुल राईनको नाति, लतिफ राईनको छोरा, महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ८ बस्ने **समसुल राईन** (ना.प्र.नं. १८२४८६२७१०, जारि मिति २०५९/०७/१४, जि.प्र.का. महोत्तरी) । | २. लतिफ राईनको बुहारी, समसुल राईनको पत्नी, महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ८ बस्ने **सिमा खातुन** (ना.प्र.नं. १८-१-०५९/२५८, जारि मिति २०६८/०१/१२, जि.प्र.का. महोत्तरी) । |
| **धितोको विवरण** | |
| १. समसुल राईन (ना.प्र.नं. १८२४८६२७१०, जारि मिति २०५९/०७/१४, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ८३३ को क्षेत्रफल ०-३-१५-० बिघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. आयान ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाइपोथिकेशन सुरक्षण । | |

Siddhartha Bank

शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com



## कर्जा चुक्ता गर्न १५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति : २०८१/१०/११**

सारा बचत तथा ऋण सहकारी संस्था लि., रामानन्द चौक, जनकपुरधाम ९ बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जाना रकम बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धित शर्त तथा बन्देजहरु उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत ऋणीले बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरेकोले संस्थाको ऋण व्यवस्थापन कार्यविधि २०७९ को परिच्छेद ६ को दफा ६.६ को उपदफा ६ बमोजिम तीन पुस्ते विवरण सहित १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | कर्जाको किसिम | ऋणीको तीन पुस्ते विवरण | ऋणीको ठेगाना | तिर्नुपर्ने जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यापार | **ऋणीको नाम :- प्रेम कुमार झा**<br>बाजेको नाम :- फेकु झा<br>बाबुको नाम :- उमाकान्त झा | जि. धनुषा, ज.उ.म.न.पा.-२० (देवपुरा रुपैठा) | १२,४४,०१४।- | तेश्रो पटक |
| २ | घर निर्माण | **ऋणीको नाम :- राम बाबु ठाकुर**<br>बाजेको नाम :- राज नन्दन ठाकुर<br>बाबुको नाम :- उतिम लाल ठाकुर | जि. धनुषा, ज.उ.म.न.पा.-२२ (बसविट्टी) | ११,०५,६०२।- | तेश्रो पटक |
| ३ | घर निर्माण | **ऋणीको नाम :- शैलिया देवी**<br>ससुराको नाम :- जितन मण्डल धानकु<br>पतिको नाम :- बौएलाल मण्डल | जि. धनुषा, ज.उ.म.न.पा.-२४ (बसहिया) | १०,१४,०८६।- | तेश्रो पटक |
| ४ | जग्गा खरिद | **ऋणीको नाम :- सावित्री देवी कुर्मिनी**<br>ससुराको नाम :- मकसुदन राउत कुर्मी<br>पतिको नाम :- रामजी राउत कुर्मी | जि. धनुषा, ज.उ.म.न.पा.-२४ (बसहिया) | ६,६८,७६८।- | तेश्रो पटक |
| ५ | घर निर्माण | **ऋणीको नाम :- शिवलाल मण्डल**<br>बाजेको नाम :- मोहन मण्डल<br>बाबुको नाम :- विश्वनाथ मण्डल | जि. धनुषा, ज.उ.म.न.पा.-२३ (बिन्धी) | १२,१६,३८३।- | तेश्रो पटक |
| ६ | जग्गा खरिद | **ऋणीको नाम :- मो. समसुदिन राइन**<br>बाजेको नाम :- मोहमद मिया<br>बाबुको नाम :- नथुनी मिया कवारी | जि. धनुषा, ज.उ.म.न.पा.-२३ (बिन्धी) | १५,४१,७४४।- | दोश्रो पटक |
| ७. | जग्गा खरिद | **ऋणीको नाम :- राजो देवी**<br>ससुराको नाम :- विकाउ ठाकुर<br>पतिको नाम :- राम नाथ ठाकुर | जि. धनुषा, ज.उ.म.न.पा.-२३ (बिन्धी) | ४,४३,९९५।- | दोश्रो पटक |
| ८. | व्यापार | **ऋणीको नाम :- अशोक कुमार दास**<br>बाजेको नाम :- जनक दास<br>बाबुको नाम :- ब्रहमदेव दास | जि. महोत्तरी, बगडा मधेपुरा-७ (हाल ज.उ.म.न.पा.-८) | ३,७५,१२३।- | दोश्रो पटक |
| ९ | व्यापार | **ऋणीको नाम :- राज कुमारी मण्डल**<br>ससुराको नाम :- जितन मण्डल<br>पतिको नाम :- राम वरण मण्डल | जि. धनुषा, ज.उ.म.न.पा.-२४ (बसहिया) | १२,२१,७३९।- | दोश्रो पटक |
| १० | जग्गा खरिद | **ऋणीको नाम :- प्रेम कुमारी**<br>ससुराको नाम :- राम लखन मण्डल<br>पतिको नाम :- राम बरण मण्डल | जि. धनुषा, ज.उ.म.न.पा.-२२ (बसविटी) | १७,७२,६७९।- | दोश्रो पटक |
| ११ | व्यापार | **ऋणीको नाम :- मरनी मलाहिन**<br>ससुराको नाम :- रामजी महतो<br>पतिको नाम :- लखन सहनी | जि. धनुषा, ज.उ.म.न.पा.-२४ (बसहिया) | ४,८८,१११।- | पहिलो पटक |
| १२ | जग्गा खरिद | **ऋणीको नाम :- कामेश्वर ठाकुर भुमिहार**<br>बाजेको नाम :- राजनन्दन<br>बाबुको नाम :- उतिम लाल ठाकुर | जि. धनुषा, ज.उ.म.न.पा.-२२ (बसविटी) | १०,५७,३५४।- | पहिलो पटक |

**सारा बचत तथा ऋण सहकारी संस्था लि.**
जनकपुरधाम-९, रामानन्द चौक, धनुषा

# ‘गजेन्द्रनारायण क्रान्तिकारी नेता’

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले गजेन्द्रनारायण सिंह क्रान्तिकारी नेता रहेको बताएका छन् ।



तर उनको साथमा रहेका नेताहरू स्वार्थी रहेको पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवको भनाइ छ । गजेन्द्रनारायण सिंहको २४ औँ स्मृति दिवसको उपलक्ष्यमा गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रले आयोजना गरेको ‘ गजेन्द्रबाबुको चिन्तन र मधेशको भावी कार्यदिशा’ विषयक अन्तरक्रिया कार्यक्रममा उनले गजेन्द्रबाबुले प्रजातन्त्रका लागि क्रान्ति गरेको भएपनि उनले आफ्नो टिम बनाउन नसकेको बताए ।

मुलुकमा थुप्रै परिवर्तन भएको उल्लेख गर्दै यादवले त्यसका लागि गजेन्द्रनारायणले निकै संघर्ष गरेको बताए । देशमा परिवर्तन भएपनि खस आर्यको शासन प्रणालीमा परिवर्तन नभएको बताउँदै यादवले भाषा, संस्कृतिमा कुनै परिवर्तन नआएको बताए । त्यस्तै, देशको ब्राह्मणवादी सोचमा पनि परिवर्तन नआएको अध्यक्ष यादवले बताए ।

देशमा लोकतन्त्रका लागि प्रक्रिया सुरु भएपनि स्थापना नभएको बताउँदै अध्यक्ष यादवले राजनीति प्रणालीमा सुधार गर्न आवश्यक रहेको बताए । उनले अहिले यथास्थितिमा मधेसले आन्दोलन गरेपनि मुक्ति प्राप्त गर्न नसक्ने बताए ।

# मधेशमा कठ्यांग्रिदो जाडोबाट जनजीवन प्रभावित
## काठमाण्डुसहित पहाडी भेग तातो महसुस

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशमा कठ्यांग्रिदो जाडोबाट जनजीवन प्रभावित भएको छ भने पछिल्लो केही दिनयता काठमाण्डुसहित पहाडी भेग तातो महसुस हुन थालेको छ ।

पश्चिमी न्यून चापीय प्रणाली नेपाल भित्रन नसक्दा पहाडी भूभागमा गर्मी बढेको मौसमविद्हरूले जनाएका छन् ।

निरन्तर हुस्सु र कुहिरो लागेकाले कोशी प्रदेशका तराई क्षेत्र, मधेश प्रदेशका सबै जिल्ला, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षत्रको जनजीवन प्रभावित भएको छ । यसैगरी भद्रपुर, विराटनगर, राजविराज, जनकपुर, सिमरा, नेपालगन्ज, धनगढीमा हवाई उडान हुन सक्केको छैन ।



पर्साको वीरगञ्जमा चिसो बढेपछि महानगरपालिकाले ठाउँठाउँमा प्रभावितलाई लक्षित गर्दै आगो बाल्न दाउरा उपलब्ध गराएको छ। नारायणी अस्पताल, घण्टाघर चोक, माइस्थान, मालपोत चोक, श्रीराम हल चोक, महावीर मन्दिर चोक, ईदगाह चोक, छपकैया मस्जिद अगाडि, छपकैया कालीमन्दिर अगाडि, नयाँ बसपार्क चोक, मुर्लि मस्जिद, मुर्लि नयाँ टोला मस्जिद चोक, मुर्ली नयाँ टोला शिव मन्दिर नीर, नगवा चोक, पुरानो बसपार्कमा, बहिपुल चोक, प्रतिमा चोक, स्विमिङ पुल चोक, राधेराधे अपार्टमेन्ट चोक, पावरहाउस चोक गरी २४ ठाउँहरूमा दाउरा राखिएको महानगरपालिकाले जनाएको छ ।

त्यस्तै सप्तरीको राजविराज नगरपालिकाले बढ्दै गइरहेको शीतलहरका कारण दुई दिन विद्यालय बन्द गरेको छ ।

मौसम विज्ञान विभागले बुधबार काठमाण्डुको अधिकतम तापक्रम २४.६ डिग्री सेल्सियस पुगेको जनाएको थियो। बिहीबार १२ बजेसम्म काठमाडौँको तामक्रम २० डिग्री, वीरगन्जको तापक्रम १७ डिग्री, जनकपुरको तापक्रम १९ डिग्री, राजविराजको १९ डिग्री सेल्सियस रेकर्ड गरिएको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् विनु महर्जनले उच्च चापीय प्रणाली बलियो भएको र पूर्ण रूपमा न्यून चापीय प्रणालीले असर गर्न नसक्दा देशका भूभागमा गर्मी र जाडो कायम रहेको जानकारी दिइन् ।

उनले भनिन्, ‘नेपालमा पश्चिमी न्यून चापीय प्रणाली भित्रन सकेको छैन । उच्चचापीय प्रणाली बलियो छ। त्यसले गर्दा बादल लाग्न दिँदैन र पानी पर्दैन। घाम लागेपछि तापक्रम वृद्धि भएको देखिन्छ।’ महर्जनले माघ लागेपछि तापक्रम वृद्धि हुने समय भएको बताइन्। उनले भनिन्, ‘ हामी दिउँदे मौसममा छौँ। अहिले नेपालमा तापक्रम वृद्धि हुने समय हो ।’

त्यस्तै उनले तराईलगायतका भूभागमा कुहिरो तथा हुस्सु कम हुने सम्भावना न्यून रहेको बताइन् । ‘तराईमा लगातार ३ दिनदेखि हुस्सु तथा कुहिरो लागेको छ। अपराह्नमा हल्का कम त भएको छ तर अझै खुलेको छैन । जस्तै- बिहीबार सुदूरपश्चिममा बादल लागेको छ । रातिसम्म पनि बादल लाग्यो भने भोलि सुदूरपश्चिममा हुस्सु कुहिरोको सम्भावना कम हुनसक्छ। बाँकी भू-भागमा कम हुने सम्भावना न्यून छ ।’

भारतमा उच्च चापीय प्रणाली रहेको, त्यसको पनि असरले तापक्रम बढेको मौसमविद्ले बताएका छन्। न्यून चापीय प्रणालीले बादल ल्याउने, पानी ल्याउने र चिसो बढाउने गर्छ भने उच्च चापीय प्रणालीले तापक्रम बढाउन सहयोग गर्छ ।

न्यूनतम तापक्रम पनि ६.२ डिग्री रहेको छ। यसपालि काठमाण्डुको तापक्रम दुई डिग्रीसम्म झरेको थियो। सबैभन्दा बढी अधिकतम तापक्रम दिपायलमा २७.२ र वीरेन्द्रनगरमा २७.१ डिग्री मापन भएको छ । २१ मापन केन्द्रमध्ये ११ वटा केन्द्रमा अधिकतम तापक्रम २० डिग्रीभन्दा माथि ‘रेकर्ड’ भएको छ। न्यूनतम तापक्रम एक ठाउँ जुम्लामा मात्रै माइनस ३.५ डिग्री मापन भएको छ।

# मधेशी दल छापामार शैलीमा एकजुट भएपछि टुक्रिए



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले सम्पूर्ण मधेश एक बनाउन एकीकृत हुनुपर्ने बताएका छन् । डा.बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला मधेसलाई दुई प्रदेश बनाउने सहमति भएको तर मधेसवादी दलका कारण मधेस ८ जिल्लामा सीमित भएको उनले बताए ।

छापामार शैलीमा भएको एकीकरण छापामार पनि शैलीमै टुक्रिएको बताउँदै उनले प्रदेशमा चुनाव गराउने समयमा भूगोलमा बेइमान गरेका कारण आफू एकीकरणमा नगएको उनले बताए ।

बिहीबार गजेन्द्रनारायण सिंहको २४ औ स्मृति दिवसको उपलक्ष्यमा गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रले आयोजना गरेको ‘गजेन्द्र बाबुको चिन्तन र मधेशको भावी कार्यदिशा’ विषयक अन्तरक्रिया कार्यक्रममा उनले अहिलेको मधेसको राजनीति जातका आधारबाट विभाजन भएको बताए ।

मधेसशा मोर्चा बनाउनका लागि दलहरूको बिचमा सहमति हुनु आवश्यक रहेको समेत उनले बताए ।

# ‘देशमा दुई दलीय व्यवस्था लाद्ने षड्यन्त्र भइरहेको छ’



**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउतले देशमा दुई दलीय व्यवस्था लाद्ने षड्यन्त्र भइरहेको बताएका छन् । काठमाण्डुमा बिहीबार गजेन्द्रनारायण सिंहको २४ औँ पुण्यतिथिको अवसरमा आयोजित कार्यक्रममा अध्यक्ष राउतले सरकारका पछिल्ला केही निर्णयहरुले दुई दलीय व्यवस्था लाद्ने षड्यन्त्र भइरहेको महसुस गरेको बताए ।

प्रतिनिधिसभा सदस्यसमेत रहेका अध्यक्ष राउतले मधेशवादी दलहरू अब एकत्रित हुने ठुलो सम्भावना रहेको पनि बताए । उनले दुई वटा विपरीत धारका दलहरू मिलेर सरकार बनाउने कुरा लोकतान्त्रिक देशमा बिरलै हुने बताए ।


अध्यक्ष राउतले भने, ‘ मधेशवादी दलहरू एकत्रित हुने ठुलो सम्भावना छ । किनभने दुई वटा ठुला दलहरू आपसमा मिलेर सरकार बनाएका छन् । जुनकुरा लोकतान्त्रिक देशमा बिरलै हुने कुरा हो । दुई वटा विपरीत धारका दलहरू मिलेर सरकार बनाउने कुरा लोकतान्त्रिक देशमा हुँदैन ।’

उनले व्यवस्थामाथि नै खतरा आउने चिन्ता लागेको बताए ।

# सामुदायिक विद्यालयहरु बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा र रौतहटका केही पालिकाले अत्यधिक चिसो बढेको भन्दै सामुदायिक विद्यालय बन्द गरेको छ ।



धनुषाको जनकपुरधाम र रौतहटको गौर नगरपालिकाका सामुदायिक विद्यालय तीन दिनसम्मका लागि बन्द गरिएको छ । जनकपुरधाममा अत्यधिक चिसो बढेपछि स्थानीय सरकारले विद्यालयहरुमा धमाधम बिदा दिन थालेको छ ।

विपद् व्यवस्थापन समितिको बैठकले जनकपुरधाम उपमहानगर भित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु माघ ११ गतेदेखि १३ गतेसम्म दुई दिन जाडो बिदा दिने निर्णय गरेको छ ।

उपमहानगरका शिक्षा तथा खेलकुद विकास शाखा प्रमुख धीरेन्द्र लाल कर्णले बिहीबार एक सूचना जारी गर्दै जानकारी गराएका हुन् । दुई दिनको जाडो बिदा शैक्षिक क्यालेण्डरमा उल्लेखित वर्षे बिदावाट कट्टा गर्ने व्यवस्था मिलाइएको उनले बताए । अत्यधिक जाडोको कारण बालबालिकाको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै माघ ११ गते शुक्रबारदेखि १३ गते आइतबारसम्म जम्मा २ दिन वर्षे बिदावाट कट्टा हुने गरी उपमहानगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्रशासनिक कार्यवाहेक पठन-पाठन बन्द रहने उनले बताए ।

त्यस्तै रौतहटको गौर स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरूमा थप ३ दिन बन्द हुने भएको छ । जिल्लाको गौर नगरपालिकाले नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई माघ ८ गते मंगलवार देखि माघ ११ गते शुक्रवारसम्म जाडो बिदा गर्न निर्देशन दिएको छ ।

पछिल्लो केही दिनदेखि बढेको अत्यधिक चिसोको कारण विद्यालयमा पठनपाठनमा कठिनाइ हुने तथा विद्यार्थीहरूको स्वास्थ्यमा असर पर्ने हुँदा बिदा दिइएको नगर शिक्षा संयोजक उत्तम कुमार उपाध्यायद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।

पछिल्लो केही दिन देखि बिहानै देखि चल्ने सितलहर संगै दिनभरी हुस्सु लाग्ने र घाम समेत नलागेर बढेको अत्यधिक चिसोको कारण रौतहटसँगै सिंगो मधेस प्रदेशको जनजीवन प्रभावित बनेको छ ।

# कलेज जाँदै गरेकी एक किशोरी बलात्कृत

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको विष्णुपुर गाउँपालिका-७ की १५ वर्षिया किशोरीलाई गाउँ कै एक यूवाले बलात्कार गरेका छन । किशोरी बुधवार विहान ६ बजेतरि साईकल चढेर कलेज तर्फ निस्केको मौका छोपेर सोही पालिकाको वडा नं १ वस्ने १९ वर्षिय अकलेश कुमार मण्डलले नियन्त्रणमा लिई कोशी नहरको डिलमा पुर्‍याएर बलात्कार गरेको प्रहरीले जनाएको छ ।

प्रतिकार गर्न खोज्दा मण्डलले ती किशोरीको बायाँ हात समेत टुटाईदिएका छन । “कलेज तर्फ जाँदै गर्दा एकान्त ठाउँमा देखेर अचानक मण्डलले मुख थुनेर कोशी नहरको साइफन मुनी पुर्‍याए, पीडीत किशोरीले प्रहरीलाई भनेकी छिन, ‘ज्यान मार्ने धम्की दिदै जबरजस्ती गरे ।”

एकाविहान बाक्लो हुस्सु लागेको र एकान्त स्थल देखेर पहिले देखी नै लुकेर बसेका मण्डलले साइकल रोकेर किशोरीलाई डरत्रास देखाई नहर किनारमा लगी बलात्कार गरेको अनुसन्धानमा खुलेको छ ।

पीडीत किशोरी गाउँबाट करिब ४ किलोमिटर टाढा रहेको सदरमुकाम राजविराज स्थित वर्ल्ड भिजन क्याम्पसमा कक्षा ११ मा अध्यनरत छिन । उक्त अपराधमा संलग्न मण्डललाई बुधवारै साँझ गाउँबाट पक्राउ गरिएको र विहीवार सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

सो घटना पछि विहानको समयमा आ-आफना छोरीलाई एक्लै विद्यालय र कलेज पठाउने अभिभावकमा त्रास फैलिएको छ ।

# आन्दोलनमा मिटरब्याजपीडित



**टुडे समाचारदाता**

लहान । मिटरब्याज पीडितहरू फेरि आन्दोलन गर्ने भएका छन् । सरकारले मिटरब्याज पीडितलाई ठग्ने काममात्रै गरेको भन्दै उनीहरू फेरि आन्दोलित हुने भएको छ । उनीहरूले आउँदो १४ गतेदेखि जनकपुरधामबाट चरणबद्ध आन्दोलन थाल्दैछन् ।

जनकपुरधाममा प्रदर्शनपछि सोही दिन आन्दोलनका थप कार्यक्रमहरू तय गरिने मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालले जनाएको छ । मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपालका महासचिव मनोजकुमार पासवानले जनाए अनुसार जनकपुरधाममा प्रदर्शनपश्चात् वीरगञ्ज, राजविराज, विराटनगरलगायतका मधेशका ठूला सहरहरू र त्यससँगै अन्य स्थानहरूमा पनि आन्दोलनका कार्यक्रम गरिने भएको छ ।

स्थानीयस्तरको आन्दोलनको आवाजलाई सरकारले नसुने फेरि पीडितहरूलाई लिएर काठमाण्डु जाने योजना पनि आफूहरूको रहेको पासवानले बताए । सरकारले मिटरब्याज पीडितका मुद्दालाई गम्भीरतापूर्वक नलिएकाले पुनः आन्दोलन गर्ने बताए ।

# कमला सिचाइँ नहर व्यवस्थित हुँदा किसानलाई सुविधा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको कमला सिचाइँ नहरको स्थापना भएको लामो समयपछि किसानको खेतखेतमा पानी सिचाइँका लागि तीव्ररुपमा काम थालिएको छ ।



कमला सिचाइँ पश्चिमी नहर प्रणाली परवाहा शाखाको स्थापना २०४८ सालमा भएको छ । अहिलेसम्म सो शाखाले कुल २७ किलोमिटरसम्म फैलिएको छ । जसअन्तर्गत ३ उपशाखा १५ प्रशाखाबाट ४२०० हेक्टर जग्गामा सिचाइँ हुने गरेको छ ।

धनुषाको गणेशमान चारनाथ नगरपालिकाको ४ वटा सबैलाको ६ वटा हँसपुर नगरपालिकाको २ वटा वडा औरही गाउँपालिकाको ४ वटा वडा धनौजी गाउँपालिकाको २ वटा वडा शहीद नगरपालिकाको २ वटा वडा १८ वटा वडामा सिचाइँ सुविधा उपलब्ध गराइरहेको परवाहा शाखाको स्थापना २०४८ सालतर्फ भएको डुमरिया देखि धनौजी कटैयाको सीमावर्ती क्षेत्रसम्म किसानहरुको लागि धान खेती, गहुँ खेती, तरबुजा तरकारी खेतीका समयमा पानीको अवश्यकता पूरा हुने गरेको कमला सिचाइँ पश्चिमी नहर प्रणाली परवाहा शाखाका अध्यक्ष सुजित मिश्रले जानकारी दिए ।

१२ वर्षपछि नयाँ कार्यसमिति चुनाववाट निर्वाचित भएको छ २०८१ मघ २४ गते नयाँ कार्यसमिति गठन भएपछि पानी र नहर सरसफाईमा तीव्रतासमेत दिएको अध्यक्ष मिश्रले बताए ।

प्रति कठ्ठा सिचाइँ सेवा शुल्क वापत १० रुपैयाँ सलाना लिने गरेको उनको भनाइ छ ।

**बैदेशिक रोजगारमा जाँदा ख्याल राख्नुपर्ने कुराहरू**

- वैदेशिक रोजगारीका बारेमा राम्ररी बुझेर मात्रै जाऔं ।
- वैदेशिक रोजगारीमा जाँदा सम्बन्धित देशको नियम कानूनको बारेमा जानकार रहौं,
- आधिकारिक प्रमाणपत्र र कागजात बनाएर मात्रै वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा बैधानिक बाटो प्रयोग गरौं,
- सरकारबाट प्रदान गरिने आधारभूत प्रशिक्षण लिएर मात्रै वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीका नाममा अनेक झुट्टा प्रलोभन देखाएर ठगीका सिकार हुन सक्ने भएकाले सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८